समुन्नत ठाकुरबाबाः सबल नगरबासी

# ठाकुरबाबा नगरपालिका

सैनवार, बर्दिया










# हाम्रा अभ्यास तथा उपलब्धिहरु

"सहरी सुशासनका लागि साझेदारी"

MuAN

# नेपाल नगरपालिका संघ
## Municipal Association of Nepal (MuAN)

## उत्कृष्ट नगरपालिका पुरस्कार
## Municipal Excellence Award


आ.व.२०८०/०८१ मा संस्थागत विकास, सेवा प्रवाह र वित्तीय सुशासन क्षेत्रमा उल्लेख्य कार्य सम्पादन गरेकोले सोको उच्च मूल्याङ्कन गर्दै नेपाल नगरपालिका संघको **३२ औं स्थापना दिवस**को उपलक्ष्यमा

## ठाकुरबाबा नगरपालिका,

बर्दिया, लुम्बिनी प्रदेशलाई उत्कृष्ट नगरपालिका पुरस्कार २०८१ (Municipal Excellence Award 2081) स्वरुप यो **सम्मान-पत्र** प्रदान गरिएको छ ।

२०८१ चैत्र ०७, काठमाडौं

| | | |
|---|---|---|
| **भीम प्रसाद ढुंगाना** | **कलानिधि देवकोटा** | **केपी शर्मा ओली** |
| अध्यक्ष | कार्यकारी निर्देशक | सम्माननीय प्रधानमन्त्री |
| नेपाल नगरपालिका संघ | नेपाल नगरपालिका संघ | नेपाल सरकार |




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५,०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection Systen: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# राष्ट्रिय गान

सयौँ थुङ्गा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली

प्रकृतिका कोटीकोटी, सम्पदाको आँचल
वीरहरुका रगतले, स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय-जय नेपाल ।




# ठाकुरबाबा नगरपालिका

**संरक्षक :**

| | |
|---|---|
| तिलक राम लम्साल | प्रमुख |
| बिना कुमारी भट्टराई | उपप्रमुख |

**सम्पादक मण्डल :**

| | |
|---|---|
| रामहरि रिजाल | संयोजक |
| सीताकुमारी भण्डारी | सदस्य |
| सुदिप सिंह सुनार | सदस्य |
| ओम बहादुर राना क्षेत्री | सदस्य |
| अनन्तराज सुवेदी | सदस्य सचिव |

**सहजीकरण :**

| | |
|---|---|
| ज्ञान बहादुर थारु | वरिष्ठ ईन्जिनियर |
| चक्रपाणी आचार्य | सहायक प्रशासकीय अधिकृत |
| रविन्द्र अर्याल | रोजगार संयोजक |
| विकाश भाट | सूचना प्रविधि अधिकृत |
| सुनिल पोख्रेल | सहायक पाँचौ |
| विकास गुरुङ्ग | सहयोगी |

# सम्पादकीय

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहमा हुने व्यवस्था गरेको छ । तीनवटै शासकीय ईकाईहरूमा राज्यशक्तिको बाँडफाँट मार्फत स्थानीय तहको अधिकार क्षेत्र समेत तोकेको छ। मुलुकमा सङ्घीय प्रणालीको कार्यान्वयनसँगै आवधिक निर्वाचन मार्फत राज्यका तीन तहमा सरकार गठन भै आफ्ना भूमिका र जिम्मेवारीहरू पूरा गर्न क्रियाशील भैरहेको छ । संविधानको भाग ५ (राज्यको संरचना र राज्यशक्तिको बाँडफाँट) अन्तर्गत धारा ५६ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था मार्फत स्थानीय तहको संवैधानिक आधार प्रष्ट गरिएको छ। संविधानको भाग १७, भाग १८ र भाग १९ मा क्रमशः स्थानीय कार्यपालिका, स्थानीय व्यवस्थापिका र स्थानीय आर्थिक कार्यप्रणालीको व्यवस्था गरिएको छ । संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार क्षेत्रका विषयहरू र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको व्यवस्था छ। संविधानको परिधिभित्र रहेर स्थानीय तहलाई राजनीतिक तथा प्रशासनिक अधिकार प्रयोग गर्न सक्ने स्वायत्तता प्रदान गरिएको छ । संवैधानिक प्रावधान अनुरूप स्थानीय तहहरू अधिकार सम्पन्न स्थानीय सरकारको रूपमा स्थापित भएकाले ती सरकारहरूको सबल भूमिकाको अपेक्षा आम रूपमा गरिएको छ। नागरिकको नजिक रहने र उनीहरूका दैनिक कामकाजका साथै विकास निर्माण र आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक सरोकारमा प्रत्यक्ष संलग्न रहने हुनाले स्थानीय तहहरु नेपालको लोकतन्त्रका आधारभूत खम्बाहरू हुन ।

आवधिक निर्वाचन अन्तर्गत स्थानीय तहको दोस्रो निर्वाचन पछि गठित विद्यमान यस नगरपालिकाको पहिलो नगर सभाबाट समुन्नत  ठाकुरबाबाः सबल नगरबासी ध्येय निर्धारण गरी नगरवासीलाई सबल बनाउन सामाजिक क्षेत्रलाई पहिलो प्राथमिकता दिई सो को सेवा विस्तार मार्फत आम नगरवासीको पहुँच कायम गर्ने र आर्थिक विकासका माध्यमबाट समुन्नतितर्फ बढ्ने गरी ४ वटा नीति कार्यक्रम र बजेट तर्जुमा गरी ३ वटा कार्यान्वयन गरिएको छ ।यी ३ वर्षमा गरिएका अभ्यास र सोबाट प्राप्त भएका उपलब्धिलाई आधार मानी प्रस्तुत पुस्तिका प्रकाशन गरिएको छ । स्थानीय तहबाट सम्पादन गर्ने गरी नेपालको

संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्धारण गरेका अधिकारलाई कार्यान्वयन गर्न आवश्यक नीतिगत र संरचनागत विकासमा सङ्घ र प्रदेश सरकार सहित नगरपालिकाको स्रोतलाई मितव्ययी ढङ्गबाट परिचालन गरी पूर्वाधार विकास र साझेदार संघसंस्था समेतको समन्वयमा विभिन्न सामाजिक क्षेत्रका अवयवहरुलाई चलायमान गराउने गरी गतिविधि सञ्चालन गरिएको छ ।

"हामी गर्न सक्छौं । हामीले गर्नुपर्छ । हामीले नै गर्ने हो ।" भन्ने मर्मलाई आत्मसात गरी सबै पक्ष र क्षेत्रलाई समन्वयात्मक ढङ्गबाट परिचालन गरिएकाले संस्थागत विकास, सेवा प्रवाह र प्रशासनमा नेपालको उत्कृष्ट नगरपालिकाको सम्मान र शिक्षामा प्रदेश र राष्ट्रिय स्तरमा उत्कृष्टताको सम्मान प्राप्त भएको छ । साझेदार संस्थाहरुबाट ठाकुरबाबामा समन्वयबाट नतिजा देखिने गरी काम गर्न सकिन्छ भन्ने मान्यता स्थापित भएको छ भने विभिन्न नगरपालिकाहरुबाट यस नगरपालिकाको अभ्यासलाई अनुशरण गर्न सिक्ने थलोको रुपमा विकास भएको छ । नगरपालिकाको ५ वटा कार्यक्षेत्र र सोका सबै उपक्षेत्रलाई कार्यान्वयन गर्ने गरी नीति, कार्यक्रम र योजना बनाई कार्यान्वयनमा लक्षित समुदायको अर्थपूर्ण सहभागिता सहित अघि बढदा हाम्रा अभ्यासहरु राष्ट्रिय र अन्तर्राष्ट्रिय सिकाईका लागि स्रोतसामग्री र उदाहरण बन्न पुगेका छन् भने कतिपय अभ्यासहरु कार्यान्वयन गर्ने नेपाल कै पहिलो नगरपालिका हुने गौरव स्थापित भएको छ । सामाजिक क्षेत्र विशेषत शिक्षा र स्वास्थ्य क्षेत्रमा प्राप्त उपलब्धिले आम नागरिकमा नगरपालिकाप्रति साँच्चै नजिकको सरकारको उत्तरदायित्व पूरा भएको अनुभूति भएको देखिन्छ भने आर्थिक विकास र पूर्वाधारको क्षेत्रमा भएको उपलब्धिले सबै नगरवासीले अनुभूत गर्ने ढङ्गबाट कार्य भएको देखिन्छ । हामीले चालेका हरेक कदम र अपनाइएका अभ्यासहरु र त्यसबाट प्राप्त उपलब्धिलाई आम नगरवासी र सरोकारवाला सबैको जानकारीका लागि प्रस्तुत पुस्तिका तयारी गरिएको हो । सानो पुस्तिकामा सबै विस्तृत विवरण समेटन सम्भव छैन, मुलभूत विषय समेटेर तयार भएको यस पुस्तिकाले ठाकुरबाबा नगरपालिकाको विषयमा जानकारी लिने सबै पाठक, सबै नगरवासी र सरोकारवालाबाट थप सल्लाह र सुझाव प्राप्त हुने अपेक्षा सहित तयारीको क्रममा सहयोग गर्नुहुने प्रमुख, उपप्रमुखसहित सबै जनप्रतिनिधीज्यूहरु सबै कर्मचारीहरु र सरोकारवालाहरुप्रति आभार सहित सकारात्मक सल्लाह र सुझावको अपेक्षा गर्दछौं ।

**धन्यवाद, जय ठाकुरबाबा ।**

# विषय सूची


| | |
|---|---|
| भौगोलिक अवस्थिति | १ |
| ऐतिहासिक पृष्ठभूमि तथा नामाकरण | २ |
| जनसंख्याको अवस्था | २–३ |
| नगरपालिकाको उत्कृष्टता तर्फको यात्रा | ४–११ |
| जनप्रतिनिधिसँग नागरिक कार्यक्रम | १२–१४ |
| नगर प्रहरीको व्यवस्थापन | १५ |
| शिक्षा | १६–३४ |
| नगरपालिकामा स्वास्थ्य सेवाको शुरुवात | ३५–४३ |
| महिला स्वास्थ्य स्व्यंसेविकाको क्षमता अभिवृद्धि तथा सम्मान | ४४ |
| ज्येष्ठ नागरिक सम्बन्धी गतिविधिहरु | ४५–४८ |
| न्यायिक समिति र सो को कार्य | ४९ |
| स्थानीय सरकारका न्यायिक अधिकारहरु | ५०–५२ |
| न्यायिक समितिबाट सञ्चालन भएका विभिन्न कार्यक्रमहरु | ५२–५४ |
| पुष्ठभूमि | ५५–५७ |
| क्षमता विकास तथा सीपमूलक तालिम | ५८–६२ |
| हानीकारक सामाजिक प्रथा तथा लैङ्गिक हिंसाविरुद्ध सचेतना कार्यक्रम | ६३–६४ |


| | |
|---|---|
| अपाङ्ग परिचयपत्र तथा सहायक सामाग्री वितरण | ६५–६६ |
| अपाङ्ग व्यक्तिलाई सुरक्षित आवास निर्माणमा तथा थप अनुदान सहयोग | ६७–७१ |
| सामाजिक सुरक्षा भत्ता | ७१–७३ |
| राष्ट्रिय परिचयपत्र बनाउका लागि गरीएका कार्यहरु | ७४–७६ |
| कृषि | ७६–८० |
| कृषि विकासका लागि सञ्चालित कार्यक्रमहरु | ८१–८४ |
| पशु विकासमा क्षेत्रमा सञ्चालित मुख्य कार्यक्रमहरु | ८५–८९ |
| सामूहिक बजारीकरण अभियान तथा संस्थागत विकास | ९०–९१ |
| नगरसभा अधिवेशन | ९२–९८ |
| नगरपालिकाले प्रदान गरेका सेवा सुविधाहरु | ९९–१०१ |
| नगरपालिकाको प्रशासनिक भवनहरु | १०१–१०२ |
| ठाकुरबाबा आधारभूत नगर अस्पताल भवन | १०२–१०४ |
| ऊर्जा प्रभावकारी गारो निर्माण विधि तथा सुरक्षित आवास निर्माण | १०४–१०५ |
| विद्यालय भवन निर्माण | १०६–१०७ |
| पक्कि हात्ती छेकवार पर्खाल | १०७ |
| नगरपालिकाले निर्माण गरेका सडकहरु | १०८–१०९ |
| चोकहरुको नामाकरण र प्रतिमा स्थापना | ११० |
| ज्येष्ठ नागरिक चौतारी भवन निर्माण तथा तटबन्धन | १११ |

# पृष्ठभूमि

## १.१ भौगोलिक अवस्थिति

ठाकुरबाबा नगरपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लाका ८ स्थानीय तहहरूमध्ये एक हो । कुल क्षेत्रफल १०४.५७ वर्ग कि.मि. रहेको यो नगरपालिका समुन्द्र सतहबाट १४४ मिटरदेखि २१४ मिटरसम्मको उचाईमा रहेको छ भने भौगोलिक रुपमा ८१°१३'२४.६९" देखि ८१°२१'११.७७५" पूर्वी देशान्तर र २८°२१'५३.६३" देखि २८°३१'१९.२९५" उत्तरी अक्षांशमा फैलिएको छ । नगरपालिकाको पूर्व, पश्चिम र उत्तर दिशामा बर्दिया राष्ट्रिय निकुञ्ज र दक्षिणतर्फ मधुवन नगरपालिका पर्दछ । यहाँको अधिकांश भू-भाग समथर तराईको भूमि अन्तर्गत पर्ने हुँदा बालुवा र पाँङ्गो मिश्रित अत्यन्त उर्वर माटो पाइन्छ । यहाँ उष्ण प्रकारको हावापानी पाइने हुँदा पुष र माघ महिनामा धेरै जाडो हुन्छ र वैशाख, जेठ र असारमा अधिक गर्मी हुने गर्दछ। यहाँको तापक्रम न्यूनतम ८ डिग्री सेल्सियसदेखि उच्चतम ४३ डिग्री सेल्सियससम्म पुग्ने गर्दछ भने यहाँ वार्षिक औषत वर्षा ११२० मिलिलिटर हुने गर्दछ ।





## २.२ ऐतिहासिक पृष्ठभूमि तथा नामाकरण





बर्दिया जिल्लाको सदरमुकाम गुलरियाबाट २२ कि.मि. दुरीमा रहेको यो नगरपालिका भौगोलिक हिसाबले मुलुकको पश्चिमी क्षेत्रमा अवस्थित नगरपालिका हो । प्रसिद्ध धार्मिकस्थल ठाकुरद्वार मन्दिरको नामबाट नामाकरण गरिएको यो नगरपालिका ऐतिहासिक, सामाजिक, आर्थिक, राजनीतिक, प्राकृतिक, धार्मिक तथा साँस्कृतिक रुपमा सम्पन्न नगरपालिकाको रुपमा चिनिन्छ। जैविक विविधताको केन्द्र, प्राकृतिक रुपमा सुन्दर र भौगोलिक रुपमा सुगम रहेकोले मुलुकको पश्चिम पहाडी क्षेत्रका धेरैजसो मानिसहरूको लागि बसोबासका दृष्टिले नगरपालिका रोजाइमा पर्ने गरेको छ।

## २.३ राजनैतिक अवस्थिति

लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लाको साविकका बगनाह र नेउलापुर गा.वि.स. लाई समेटेर वि.सं. २०७२ साल असोज २ मा बबई नगरपालिका स्थापना भएको र पछि शिवपुर र ठाकुरद्वारा गा.वि.स लाई समेत समेटेर ठाकुरबाबा नगरपालिकाको स्थापना वि.सं. २०७३ फाल्गुण २७ मा भएको हो ।

## २.४ जनसंख्याको अवस्था


| विवरण | वि.सं. २०७९ |
|---|---|
| अक्सर बसोबास गर्ने जम्मा जनसंख्या | ४८३५१ |
| अक्सर बसोबास गर्ने पुरुष | २२०६५ |
| अक्सर बसोबास गर्ने महिला | २६२८२ |

| | |
|---|---|
| अक्सर बसोबास गर्ने अन्य जनसंख्या | ४ |
| अनुपस्थित जनसंख्या | ९०११ |
| अनुपस्थित पुरुष जनसंख्या | ७००५ |
| अनुपस्थित महिला जनसंख्या | २००५ |
| अनुपस्थित अन्य जनसंख्या | १ |
| कुल अक्सर बसोबास गर्ने र अनुपस्थित जनसंख्या | ५७३६२ |
| लैंगिक दर (प्रति १०० महिलामा पुरुषको संख्या) | १०३ |
| जम्मा घरधुरी | ११५६४ |
| औसत परिवार संख्या | ५ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ५४८.५५ |
| ०-१४ वर्ष उमेरसमूहका जनसंख्या (आर्थिकरूपले आश्रित जनसंख्या) | १३३९९ (२३ प्रतिशत) |
| १५-५९ वर्ष उमेरसमूहका जनसंख्या (आर्थिकरूपले सक्रिय जनसंख्या) | ३९२२२ (६८ प्रतिशत) |
| ६० वर्षभन्दा बढी उमेरसमूहका जनसंख्या (आर्थिकरूपले आश्रित जनसंख्या) | ४७४१ (८ प्रतिशत) |
| वार्षिक जनसंख्या वृद्धिदर (प्रतिशत) | २.९३ |
| साक्षरता दर (५ वर्ष र सोभन्दा बढी उमेरसमूह) | ७६ प्रतिशत |

स्रोत ठाकुरबाबा नगरपालिका पार्स्वचित्र २०७९

यस नगरपालिकाको कुल जनसंख्या ५७,३६२ (पुरुष २९०७० महिला २८२८७ र अन्य ५) रहेको छ। उमेरगत जनसंख्यालाई विश्लेषण गर्दा करुवा आकारमा जनसंख्या रहेको देखिन्छ । जन्मदर घटदो क्रममा रहेको छ। उत्पादनशील जनसंख्या कुल जनसंख्याको ६८.४ प्रतिशत (उच्च जनसांख्यिक लाभ) को अवस्थामा रहेको छ ।समग्र नेपालको जनसंख्या हेर्दा आर्थिक रुपले सक्रिय जनसंख्याको बाहुल्यता रहेको यस्तो अवस्थामा देशले फडको मार्न सक्नु पर्छ भनिन्छ। नगरको अवस्था पनि त्यही रहेकोले यस अवस्थालाई उत्पादनसँग जोड्न जरुरी छ।

उमेर समूह तथा लिङ्ग अनुसार जनसंख्याको विवरण




## नगरपालिकाको उत्कृष्टता तर्फको यात्रा

दोश्रो स्थानीय तहको निर्वाचनपछिको नगर सभाको पहिलो बैठकबाट "समुन्नत ठाकुरबाबा: सबल नगरवासी" ध्येय चयन गरी सोको प्राप्तिका लागि विशेष गरेर दुई वटा कुरालाई मध्यनजर गरी आफ्नो गतिविधि अगाडि बढाउँदै आएको छ । स्थानीय सरकारका हिसावले गर्नुपर्ने जिम्मेवारीहरु पूरा गर्न आवश्यक नीति निर्माण लगायतका अत्यावश्यक संस्थागत र संरचनागत विकास गर्ने र सुशासनमा जोड दिने थप मानवीय पुँजीको निर्माणका लागि सामाजिक विकासलाई प्राथमिकतामा राखेर अगाडि बढ्ने, कानुनले निदृष्ट गरे बमोजिम नगर सभाले बनाएका नीति नियम र योजना निर्माण गर्ने काम जनप्रतिनिधि र सोको कार्यान्वयन गर्ने काम विषयगत विज्ञता हासिल गरेका कर्मचारीबाट समन्वयात्मक रुपमा कार्यान्वयन गर्दै जाँदा हरेक क्षेत्रमा अब्बल पनि साबित हुँदै गएको छ । जसलाई नगरपालिकाले प्राप्त गरेका सम्मानहरुले समेत प्रमाणित गर्दछ ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा देशभरकै उत्कृष्ट नगरपालिकाको रुपमा पुरस्कृत

सरकारको सेवा प्रवाह जनतामुखी, पारदर्शी र प्रविधिमैत्री बनाउँदै नागरिकलाई छिटो, छरितो र प्रभावकारी सेवा प्रदान गर्न नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बाट प्राप्त अधिकार र दायित्व बमोजिम नगरपालिकाबाट बनाउनु पर्ने ऐन, कानुन निर्माण, आवधिक योजना, मध्यकालीन खर्च संरचना, राजश्व सुधार योजना, संगठन तथा सर्भेक्षण प्रतिवेदन तयारी, विद्युतीय भुक्तानी प्रणाली, नियमित सार्वजनिक सुनुवाई, सेवा प्रवाह सर्भेक्षणमा शतप्रतिशत नागरिक सन्तुष्टि, सेवा शुल्कमा ५० प्रतिशत छुट लगायतका विभिन्न जनमुखी सेवाका कारण ठाकुरबाबा नगरपालिका, नेपाल नगरपालिका संघको ३२ औं स्थापना दिवसका अवसरमा संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा देशभरिकै २९३ नगरपालिका मध्ये उत्कृष्ट नगरपालिका सम्मान २०८१ बाट सम्माननीय प्रधानमन्त्री के पि शर्मा ओलीज्यूबाट सम्मानित भएको छ ।






## निशुल्क शिक्षा कार्यान्वयन र शिक्षामा देशभरकै उत्कृष्ट पालिकाको रुपमा पुरस्कृत

नेपालको संविधान ले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको छ । मौलिक हकको रुपमा स्थापित माध्यमिक तहसम्मको शिक्षाको हक संविधानले स्थानीय तहको अधिकार क्षेत्रमा सूचिकृत गरेको भएता पनि पूर्णतया नि:शुल्क गर्न भने सकिरहेको अवस्था थिएन । विद्यार्थी संख्याको अनुपातमा शिक्षक उपलब्ध नहुनु, प्रयाप्त भौतिक पूर्वाधार नहुनु, विद्यालयका विविध व्यवस्थापनका लागि श्रोत नहुनु जस्ता कुराले सहयोग शुल्कको रुपमा अभिभावकहरुसँग शुल्क उठाइरहेको अवस्था थियो । नगरपालिकामा करिब ४

# ऊर्जा प्रभावकारी भवन निर्माणमा नीतिगत व्यवस्थाका लागि सम्मान र उर्जा प्रभावकारी घर निर्माण

जलवायु परिवर्तनका कारण हाल बढ्दै गइरहेको तापक्रम र हामीले निर्माण गर्ने घरहरुलाई ऊर्जा प्रभावकारी बनाउन सकेमा ऊर्जाको खपत कम हुने र वातावरणमैत्री बनाउन समेत सकिने हुनाले ठाकुरबाबा नगरपालिकाले ऊर्जा प्रभावकारी भवन निर्माण कार्यविधि बनाई नीतिगत रुपमै न्यून कार्बन र श्रोत प्रभावकारी भवन निर्माण क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याए वापत युरोपियन युनियन र विन परियोजनबाट नगरपालिका सम्मानित भएको हो ।






विन परियौजनाकै सहयोगमा ऊर्जा प्रभावकारी भवन निर्माण गर्नका लागि जनशक्ती तयार, नगरपालिकाको अनुदानमा निर्माण हुने सुरक्षित घरहरु उर्जा प्रभावकारी बनाउन थप अनुदान सहयोग समेत गरी यसै वर्षदेखि ऊर्जा प्रभावकारी भवनहरु निर्माण कार्य अगाडि बढाइएको छ। यस वर्ष नगरपालिकाले प्रदेश समपूरक कार्यक्रम, राष्ट्रिय प्रकृति संरक्षण कोष, बर्दियाको समेत सहयोगमा १०२ वटा ऊर्जा प्रभावकारी सुरक्षित घर निर्माण गरेको छ । सुरक्षित घर निर्माण गर्न हरेक वडामा १ जना अपाङ्गलाई रु ३५०,००० ऊर्जा प्रभावकारी भवन बनाउनेलाई १७५,००० र सामान्य घर निर्माण गर्नेलाई १५०,००० अनुदान उपलब्ध गराइएको छ। विगत ३ आ.व.मा २१७ वटा घरहरु निर्माण भएका छन् ।





## नेपालकै पहिलो पूर्ण हातधुने नगरपालिका

सन १९८० को दशकमा संयुक्त राष्ट्रसंघले खानेपानी र सरसफाइको दशक घोषणा गरेपछि नेपालमा सरसफाई प्रवर्द्धनको व्यवस्थित प्रयास थालनी भएको हो । स्वास्थ्य, प्रतिष्ठा, जनजीविका सामाजिक, सशक्तिकरण, विकास र समृद्धिको आधारशिलाको रुपमा रहेको सरसफाईले सरसफाई गुरुयोजना २०६८ कार्यान्वयनमा आएपश्चात फड्को मारेको पाईन्छ । नेपाली समाजमा दिसा गरेपछि र खाना खानु अघि साबुनपानीले हात धुने चलन धेरै पहिलादेखि नै छ । यद्यपि विशेष अवस्थामा साबुन पानीले उचित तरिकाले हात धुने उपयुक्त स्थानको अभाव र ज्ञान तथा सीपको कमीका कारण बच्चाहरू छिटो छिटो बिरामी हुने गरेको अध्ययनबाट पाइएकोले हात धुनका लागि खास गरेर बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई टुटी र ढक्कन सहितको बाल्टीबाट बनेका हात धुने स्थान उपयुक्त रहेको निष्कर्ष छ । यसै सन्दर्भमा ठाकुरबाबा नगरपालिकाबाट सबै घरमा टुटी सहितको हातधुने स्थान निर्माण गर्न अभियान सञ्चालन गरी सबै घरमा हातधुने स्थान निर्माण गरेपछि पूर्ण हातधुने नगरपालिका घोषणा गरिएको छ । जसको प्रभाव स्वरुप हाल सरुवाजन्य रोगहरु समेत घटेको पाइएको छ । **WHO** ले विश्वका १० वटा देशहरुमा **Hand Hygiene** कार्ययोजना कार्यान्वयन गर्न नेपालमा भएको अन्तराष्ट्रिय कार्यशालामा प्रस्तुत हुने कार्ययोजनामा ठाकुरबाबाको सिकाइलाई समेत समावेश गरेको छ ।

## मिति २०८० बैशाख २८ मा नगरपालिका पूर्ण हातधुने नगरपालिका घोषणा







## असल अभ्यास अनुभव आदानप्रदान र विशिष्ठ व्यक्तिहरुसँग अन्तरक्रिया .

ठाकुरबाबा नगरपालिकामा  सरकारी मात्र नभएर विभिन्न गैरसरकारी संघसंस्थाहरुको सहयोग र साझेदारीमा पनि विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आइरहेका छन् । यसरी सञ्चालन भएका केही कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन मार्फत उपलब्धि समेत देखिएको छ । नगरपालिकामा भए गरेका असल अभ्यासहरुबारे जानकारी लिने उद्देश्यले स्वीस राजदूत, युरोपियन युनियनका महामहिम राजदूत **Veronique Lorenzo,** टिम लिडर, सङ्घीय तथा प्रदेश सरकारका विभिन्न समितिका

पदाधिकारी सहित विशिष्ठ व्यक्तिहरुको भ्रमण हुनुका साथै नगरपालिकाले आफूले गरेका कामहरुको बारेमा प्रदेश तथा सङ्घीय तहमा पनि पैरवी गर्दै आएको छ ।







## स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रणाली र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा गुणात्मक सुधार

स्थानीय तहको सुशासन र कार्य सम्पादनलाई मापन गर्ने प्रमुख सूचक स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रणाली र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा विगत ३ आर्थिक वर्षको विवरणलाई विश्लेषण गर्ने हो भने गुणात्मक ढङ्गले सुधार भएको छ ।

**स्थानीय तह संस्थागत स्वमूल्याङ्कन प्रणालीको तुलनात्मक विवरण**


| आ.व. | नेपाल | लुम्बिनी प्रदेश | बर्दिया जिल्ला | ठाकुर बाबा |
|---|---|---|---|---|
| २०७८/०७९ | ६४.३६ | ७०.११ | ६२.९७ | ३६.०० |
| २०७९/०८० | ७२.५८ | ७७.८५ | ७६.०९ | ७९.५० |
| २०८०/०८१ | ८१.२२ | ८६.५३ | ८९.५९ | ९५.७५ |

आ.व. २०७८/०७९ मा स्थानीय तह संस्थागत स्वमूल्याङ्कनमा ठाकुरबाबा समग्रतामा नेपाल र लुम्बिनी प्रदेश भन्दा पछि रहेकोमा पछिल्लो २ वर्षमा गुणात्मक सुधार गरी तुलनात्मक रुपमा सबै भन्दा अग्रस्थान र बर्दियाका पालिकाहरुमा पनि पहिलो स्थानमा रहेको छ ।




स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा पनि आ.व. २०७८/२०७९ मा ठाकुरबाबा नगरपालिका समग्रतामा लुम्बिनी प्रदेश भन्दा पछाडी रहेता पनि पछिल्लो २ वर्षमा सुधारसँगै समग्रतामा अग्रस्थानमा रहँदै बर्दिया जिल्लाका पालिकाहरुमा प्रथम स्थानमा रहन सफल रहेको छ ।

| वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणालीको तुलनात्मक विवरण | | | | |
|---|---|---|---|---|
| आ.व. | नेपाल | लुम्बिनी प्रदेश | बर्दिया जिल्ला | ठाकुर बाबा |
| २०७८/०७९ | ५८.00 | ६४.00 | ५४.00 | ५९.00 |
| २०७९/०८० | ६७.00 | ७२.00 | ६८.00 | ७९.५0 |
| २०८०/०८१ | ७२.00 | ८0.00 | ७५.00 | ९१.00 |




## जनप्रतिनिधिसँग नागरिक कार्यक्रम

स्थानीय तहको सरकार आम नागरिकले नजिकबाट अनुभूत गर्ने, देखिने र सुनिने सरकार हो । आम नागरिकको आशा र भरोसा समेत स्थानीय सरकारसँग रहन्छ। त्यसैले पनि नागरिकले हकले स्थानीय सरकारलाई खोज्छ र आफ्ना अपेक्षा र गुनासाहरु राख्छन् । त्यसलाई नागरिककै घर आँगनबाट उनीहरुसँगै बसेर सबैको भनाइलाई सुन्ने प्रयत्न नगरपालिकाले गर्दै आएको छ । शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, सामाजिक हानीकारक अभ्यास लगायत मानव वन्यजन्तु द्वन्द्वको अवस्था विकास निर्माणका विषयमा आफ्ना आवाजहरु राख्ने र नगरपालिकाको विषयगत शाखा एवं प्रमुख उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतले जिज्ञासा मेटाउनुका साथै भावी नीति कार्यक्रममा समेत प्राप्त सुझावहरु समावेश गर्दा वास्तविक जनआवाज अनुरुपको कार्यक्रम तथा योजनाहरु बन्ने समेत देखिन्छ ।





## नगरपालिकाको कार्ययोजना तथा साझेदार संस्थासँग संयुक्त कार्ययोजना तयारी र कार्यान्वयन

"समुन्नत ठाकुरबाबा सबल नगरवासी" ध्येय तय गरेको नगरपालिकाले नगरको समुन्नति र नगरवासीको सबलको आधार सामाजिक र आर्थिक विकासलाई मानेको छ। सामाजिक विकासलाई पहिलो प्राथमिकतामा राखेर बजेटको ४६ प्रतिशत हिस्सा छुट्याउने गरिएको छ। तय गरिएका योजनाको परिणाम देखिने गरी कार्यान्वयन गर्न शाखा र वडाबाट श्रावण महिनामा नै कार्यक्रम कार्यान्वयन योजना बनाई कार्यान्वयन गर्ने गरिएको छ भने साझेदार संस्थासँग कार्यक्रममा दाहोरोपन नहुन र समयमा नै र नगरपालिकाको आवश्यकताको आधारमा कार्यान्वयन गर्न संयुक्त कार्ययोजना बनाई कार्यान्वयन गर्ने गरिएको छ। साझेदार संघसंस्थालाई ठाकुरबाबामा सहज ढङ्गले काम गर्न सकिन्छ भन्ने वातावरण बनेकोले पनि साझेदार संस्थाहरुको दरिलो साथ र सहयोग रहेको छ।




## जनप्रतिनिधि र कर्मचारी बीच सुमधुर समन्वय र सहकार्य



पालिकाहरुमा फरक तरिकाबाट छनोट भएर आएका दुइ थरि तर एउटै लक्ष्य र उद्देश्य पूरा गर्ने जनशक्ति रहन्छन् । जनताको अभिमतबाट निर्वाचित जनप्रतिनिधि र प्रक्रियागत रुपबाट छनोट भएर आएका राष्ट्रसेवक । जनसेवा दुवैको लक्ष्य, नीति योजना र कार्यक्रम बनाउने जनप्रतिनिधि र त्यसलाई कार्यान्वयन गर्ने कर्मचारी । दुवैको लय र गतिमा एकरुपता भई नतिजामुखी काममा पदचाप मिलेमा देखिने गरी परिणाम प्राप्ति गर्न सकिन्छ । जसलाई ठाकुरबाबा नगरपालिकाले उदाहरणीय रुपमा प्रस्तुत गरेको छ ।



## २.४ नगर प्रहरीको व्यवस्थापन

नगरपालिकाको विपद् व्यवस्थापन, राजश्व सङ्कलनमा सहजीकरण, विकास निर्माणमा समन्वय गर्न नगर प्रहरी सहायक निरीक्षकको कमाण्ड हुने र १२ जना नगर प्रहरी रहने गरी नगर प्रहरीको व्यवस्थापन गरिएको छ ।





# २ सामाजिक विकास


नगरपालिकाले तय गरेको “समुन्नत ठाकुरबाबाः सबल नगरवसी”को ध्येय पूरा गर्न सामाजिक विकासका माध्यमबाट आम नगरवासीलाई सबल बनाउन सकिन्छ भन्ने मान्यताका साथ सामाजिक क्षेत्रलाई उच्च प्राथमिकता दिई नीति, कार्यक्रम र बजेटमा उच्च प्राथमिकता दिँदै आएको छ । सबल नगरवासीको आधार शिक्षा र स्वास्थ्यमा सुधार मुल नारा सहित सार्वजनिक शिक्षालाई सुधार गरी कक्षा १२ सम्म आम नागरिकलाई निःशुल्क शिक्षा उपलब्ध गराउने र नगरमा नै २४ सै घण्टा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराई अन्य सामाजिक क्षेत्रका कार्य मार्फत स्थानीय तहलाई नजिकको सुनिने, देखिने र अनुभूति गर्न सक्ने सरकारको रुपमा दायित्व पुरा गर्न विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरिएका छन्, जसबाट सकारात्मक नतिजाहरु देखिन थालेका छन् । उपक्षेत्रगत रुपमा केही असल अभ्यास तथा उपलब्धि यहाँ प्रस्तुत गरिएको छ ।

## २.१ शिक्षा

समुन्नति र सबलको पहिलो आधार शिक्षा हो । आम नागरिकको शिक्षामा सहज पहुँचका लागि सार्वजनिक शिक्षाको सुदृढीकरण अपरिहार्य छ । “नेपालको संविधानमा विद्यालय तहको शिक्षा व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेका शिक्षासँग सम्बन्धित २३ वटा अधिकार भित्र रही ठाकुरबाबा नगरपालिकाले शैक्षिक सुधारका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । भौतिक पूर्वाधार निर्माण, स्थानीय पाठ्यक्रम निर्माण, शैक्षिक जनशक्ति व्यवस्थापन, शिक्षकहरुको क्षमता अभिवृद्धि तालिम, छात्रवृत्ति वितरण, नियमित रुपमा खेलकूद प्रतियोगिता सञ्चालन, खेलाडी प्रोत्साहन जस्ता कार्यक्रमहरु नियमित रुपमा सञ्चालन भैरहेका कार्यक्रमहरु हुन । जसलाई बुँदागत रुपमा यहाँ प्रस्तुत गरिएको छ ।

# शिक्षा क्षेत्रका मुख्य कार्यक्रमहरू

## क. निःशुल्क सार्वजनिक शिक्षा


ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
सैनवार, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

अवसरमा शिक्षामा सबैको पहुँच सुनिश्चितता,निःशुल्क तथा अनिवार्य शिक्षा र शिक्षामा गुणस्तरियता सम्बन्धी घोषणा :

१. विद्यालय भर्ना उमेरका सामान्य बालबालिकाहरू सबै विद्यालय भर्ना भएका र शिक्षाको मूलधार बाहिर नरहेको घोषणा गरिन्छ ।
२. कक्षा (०-१०) सम्म पूर्ण निःशुल्क शिक्षा लागु गरिएकाले अब उप्रान्त शिक्षा शाखाबाट तोकिएको परीक्षा एवं स्थानान्तर प्रमाण पत्र र स्वीकृत योजना एवं कार्यक्रममा बाहेक कुनै पनि प्रकारको शुल्क सामुदायिक विद्यालयले लिन पाउने छैन.
३. कक्षा (११-१२) लाई पूर्ण निःशुल्कका लागि लक्षित वर्ग (विपन्न, दलित, मुक्त कम्लहरी, मुक्त कमैयाका बालबालिका र अति विपन्न) लाई पढ्न पैसा तिर्नु नपर्ने घोषणा गरिन्छ ।
४. टुहुरा, असहाय, अनाथ, बालबालिकाका लागि "सहारा शिक्षालय" नामक विद्यालय सञ्चालनमा ल्याउने घोषणा गरिन्छ ।
५. गुरु योजनाको मर्म अनुरुप एउटा वडामा एउटा मात्र सबल प्रशासनिक नेतृत्वदायी सक्षम विद्यालय सञ्चालनको अवधारणा अनुसार ठूला विद्यालय सञ्चालनमा केन्द्रित गरिएको घोषणा गरिन्छ ।
६. बिना योजना शिक्षा विकास सम्भव छैन भन्ने धारणा अनुसार शिक्षा शाखा र विद्यालयहरुको योजना तादात्म्यता हुने गरी सबै विद्यालयलाई योजनागत विकासमा केन्द्रीत गरिएको घोषणा गरिन्छ ।
७. बिना लक्ष्य उपलब्धीको मापन सम्भव छैन भन्ने मान्यताका साथ कार्यसम्पादन गर्नु पर्ने पक्षहरु समेटी प्र.अ. र शिक्षकहरुसँग कार्यसम्पादनमा आधारित जनशक्ति मूल्याङ्कनको थालनी गरिएको घोषणा गरिन्छ ।
८. विद्यार्थी छन् त विद्यालय छ, विद्यार्थी छैनन् विद्यालय पनि छैन भन्ने मान्यता अवलम्बन गर्दै लामो समयदेखि न्यून विद्यार्थी संख्यामा अडिएका विद्यालयहरु समायोजन गरिने घोषणा गरिन्छ.
९. विद्यालयले परीक्षा सकिएको २१ दिन भित्र परिणाम घोषणा र दरबन्दी रिक्त रहेको २१ दिन भित्र आपुर्तिको रणनीति अवलम्बन गरिएको घोषणा गरिन्छ ।
१०. ठाकुरबाबाका हरेक विद्यालयमा बाल संरक्षण नीति, शिक्षक, विद्यार्थी, समिति, अभिभावकको आचारसंहिता, कार्यालयको भित्तामा वडा पत्र, गुनासो अधिकारी र सूचना अधिकारीसहितको बालसंरक्षित विद्यालयको घोषणा गरिन्छ.
११. विद्यार्थी संख्या र सञ्चालित कक्षा एवम् विषयका आधारमा शिक्षक कर्मचारीको व्यवस्थापनयुक्त विद्यालयहरु रहने सुनिश्चितताको घोषणा गरिन्छ ।
१२. संस्थागत विद्यालयको सेवाका आधारमा शुल्क र सुशासनका पक्ष गुणस्तरका आधारमा न.पा.को प्रोत्साहन रहने कुराको घोषणा गरिन्छ ।
१३. ठाकुरबाबाका विद्यालयको मुख्य समस्या भर्ना भएकाहरुको टिकाउ र सिकाइ उपलब्धी न्यूनता एवम् बालविवाह रहेकाले संघ संस्थाहरुलाई मुख्य यी तीन पक्षमा सहयोगका लागि आह्वान गर्दछु ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको छ । मौलिक हकको रुपमा स्थापित आधारभूत र माध्यमिक तहको शिक्षाको हकलाई पूर्णतया निःशुल्क गर्न भने सकिरहेको अवस्था थिएन। विद्यार्थी संख्याको अनुपातमा शिक्षक उपलब्ध नहुन्, प्रयाप्त भौतिक पूर्वाधार नहुनु, अन्य व्यवस्थापनका लागि श्रोत नहुनु जस्ता कुराले सहयोग शुल्कको रुपमा अभिभावकहरुसँग शुल्क उठाइरहेको अवस्था थियो । नगरपालिकामा करिब ४ हजार घरधुरी गरिबीको रेखामुनी रहेको अवस्थामा जनताको आधारभूत आवश्यकतालाई सम्बोधन गर्न ठाकुरबाबा नगरपालिकाले २०७९ भाद्र २३ गते कक्षा १ देखि १० सम्म पूर्ण निःशुल्क र कक्षा ११ र १२ मा लक्षित वर्गका विद्यार्थीलाई लागि शुल्करहित शिक्षा घोषणा गरी कार्यान्वयन गरेकोमा आर्थिक वर्ष २०८२/०८३ देखि कक्षा १२ सम्म नै निःशुल्क शिक्षा कार्यान्वयनगरिएको छ । निःशुल्क शिक्षा कार्यान्वयनका लागि नगरपालिकाको करिव ३४ प्रतिशत बजेट शिक्षामा लगानी गरिएको छ । जसका कारण सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्याथीहरुको आकर्षण बढेर गएको मात्र छैन सार्वजनिक शिक्षामा गुणात्मक सुधार समेत देखिएको छ ।

## ख. शिक्षक बैङ्क स्थापना

शिक्षामा सुधारका लागि शिक्षण सिकाइमा शिक्षकको नियमित उपस्थिति र निरन्तर कक्षा सञ्चालन अनिवार्य शर्त हो । रिक्त शिक्षक पदमा पदपूर्ति गर्न लाग्ने लामो समय, शिक्षक सुत्केरी बिदामा बस्दा करिब ४ महिना जस्तो खाली हुने कक्षाकोठा र शिक्षक लामो बिदामा बस्दा शिक्षक अभाव हुने समस्यालाई सम्बोधन गर्न नगरपालिकाले पहिला नै प्रक्रियागत रुपमा शिक्षक छनोट गरी राख्ने र खाली

भएकै दिनमा तहगत र विषयगत रुपमा विद्यालयमा खटाउने गरी शिक्षक बैङ्क खडा गरी राख्ने कार्य गर्दै आएको छ । यसबाट विद्यालयको शिक्षण सिकाइलाई निरन्तरता दिन सहज भएको मात्र छैन, पद रिक्त भए पछि छनोट प्रक्रियामा हुने अनावश्यक तनावलाई समेत हटाएको छ ।

| क्र.सं. | आर्थिक वर्ष | छनोट संख्या | काममा लगाइएको |
|---|---|---|---|
| १ | २०८०/०८१ | ६० | १६ |
| २ | २०८१/०८२ | ५६ | ८ |

## ग. असहाय तथा अनाथ बालबालिकाका लागि आवासीय विद्यालय

शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सबैका लागि शिक्षा तय गर्न अभिभावकविहिन भएका कारण शिक्षाको ज्योतिबाट वञ्चित हुन नपरोस भन्ने उद्देश्यले त्रिभुवन नमूना मा.वि. भुरीगाउँमा अनाथ तथा असहाय बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालन गरिएको छ । नगरपालिकाको सम्पूर्ण आर्थिक सहयोग र त्रिभुवन नमूना मा.वि.को व्यवस्थापनमा सञ्चालित उक्त विद्यालयमा हाल १० जना बालबालिका रहेका छन् । ज्येष्ठ अभिभावक विहिन बालबालिकाको ठाकुरबाबा नगरपालिकाले अभिभावकत्व लिने गरी व्यवस्थापन गरिएको छ । तर अभिभावक हुँदाहुँदै जबरजस्ती अनाथको रुपमा दर्ता गराउने कार्य बालबालिका सम्बन्धि ऐन २०७५ ले बालबालिका विरुद्ध को हिंसा गरेको मानिने कुरामा नगरपालिका सचेत रहेको छ ।




## घ. गुरुकुल विद्यालय सञ्चालन

संस्कार, सस्कृति र पहिचान सहितको व्यवहारिक सीपमूलक शिक्षा आजको आवश्यकता हो । गुरुकूल वेदविद्याश्रमबाट उत्पादित जनशक्ति, धर्मसंस्कार, संस्कृतिको संरक्षण सम्वर्द्धनका साथै भौतिक विकासको दौडमा रहेको वर्तमान विश्वले जबसम्म आध्यात्मिक चेतनाको विकास गर्न सक्दैन तबसम्म समाजले शान्तिको श्वास फेर्न सक्दैन । यसै कुरालाई मध्यनजर गरी ठाकुरबाबा नगरपालिकाले वडा न ५ जलेश्वर मन्दिरमा जलेश्वर गुरुकुल विद्यालय स्थापना गरी सञ्चालन गरेको छ । हाल उक्त विद्यालयमा १० जना विद्यार्थी रहेका छन ।



**नमुना विद्यालय** : गुणस्तरीय शिक्षाका लागि नमुना विद्यालय बनाउने कार्यलाई अगाडि बढाइएको छ । नगरपालिकाको ४ वटा क्लस्टरमा ४ वटा **Big School** बनाउने अवधारणा अनुरुप  वडा नं १ को त्रिभुवन नमुना मा वि भुरिगाउँ, वडा नं ९ को नेपाल राष्ट्रिय मा.वि. ठाकुरद्वारा, वडा नं ३ चुरे मा.वि. बंगनाहा र वडा नं ६ जनज्योति मा.वि. लाई छनौट गरिएको छ । "साना कक्षामा जोड दिने र ठूला कक्षामा ध्यान दिने" नीति अनुरुप पहिलो चरणमा उक्त विद्यालयका प्रारम्भिक बालविकास कक्षाहरुलाई वातानुकुलित बनाउने कार्य अगाडि बढाइएको छ । साथै नगरपालिका नमुना विद्यालयको रुपमा



नेपाल राष्ट्रिय मा.वि. कर्मलालाई अगाडि बढाइएको छ । यसै गरी वडा न ५, ६, ८ र ९ का विद्यार्थी संख्या थोरै रहेका साना विद्यालयलाई ठूला विद्यालयले व्यवस्थापन गर्ने गरी साना बालबालिकाका लागि निश्चित कक्षासम्म सेक्टर राखी ठूलो विद्यालयमा समाहित गरिएको छ ।

## ङ. विद्यालय व्यवस्थापन तथा ठूला विद्यालय विकास

विद्यालयहरुलाई एकीकरण गरी १ वडा १ विद्यालय र अन्य सेक्टर विद्यालय रहने गरी विद्यालयको गतिविधि अगाडि बढाइएको छ । यसैगरी नगरपालिका भित्रका सबै विद्यालयहरुलाई तीनतारे विद्यालयको मापदण्डमा पुर्याउन खानेपानी, सरसफाई र स्वच्छताको स्वमूल्याङ्कन गरी हाल पहिलो चरणमा ३ वटा र १ माविमा सुरक्षित खानेपानी, लैङ्गिक तथा अपाङ्गमैत्री शौचालय र फोहर व्यवस्थापन कार्यलाई व्यवस्थित बनाइएको छ । यो कार्यलाई निरन्तरता दिई सबै विद्यालयमा पुर्याइनेछ ।





## च. सामुदायिक विद्यालयमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीका लागि एउटै पोशाक र निशुल्क टाइबेल्ट वितरण

ठाकुरबाबा नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुको छुट्टाछुट्टै पोशाक रहेकोमा सबैमा एकरुपता ल्याउन सबै विद्यालयको एकै खालको पोशाक तयार गरी लागू गरिएको छ । संस्थागत विद्यालयमा जाँदा गर्वको महशुस गर्ने भएकाले नगरपालिकाबाट सबै विद्यार्थीलाई एकपटकका लागि निःशुल्क टाइबेल्ट  समेतको व्यवस्था गरिएको छ ।





## छ. मासिक तलब भुक्तानी तथा नतिजामा आधारित थप प्रोत्साहन

विद्यालय शिक्षा सुधारका लागि शिक्षामा धेरै लगानी गरिएको भएपनि शिक्षकहरुले कामको पारिश्रमिक चौमासिक रुपमा मात्र पाउने व्यवस्थाका कारण घरायसी खर्च व्यवस्थापनमा समस्या परेको, शिक्षा बाहेक अन्य सहायक पेशामा पनि समय दिनु परेको भन्ने समस्या सम्बोधन गर्न ठाकुरबाबा नगरपालिकाले गत आ.व. देखि मासिक रुपमा शिक्षकहरुको तलब भुक्तानीको व्यवस्था मिलाएको छ । साथै सामुदायिक विद्यालयमा अध्ययन गर्ने अधिकांश बालबालिका विपन्न परिवारका रहेका, घरमा भएका अभिभावकहरु पनि अशिक्षित भएका कारण बालबालिकाको पढाइमा थप सहयोग गर्न नसक्ने भएकाले शिक्षकहरुलाई नै अतिरिक्त कक्षा सञ्चालन गर्न समेत नगरपालिकाबाट थप सहयोग उपलब्ध गराइदै आइएको छ । कक्षा ५, ८ र १० का विद्यार्थीहरुलाई अतिरिक्त कक्षा सञ्चालन गरे बापत पहिलो किस्ता कक्षागत आधारमा र दोश्रो किस्ता नतिजालाई आधार मानी कार्य सम्पादनमा आधारित रहेर उपलब्ध गराउँदै आइएको छ । जसका कारण विद्यालयको नतिजामा पनि गुणात्मक रुपमा सुधार हुँदै आएको छ ।


## ठाकुरबाबा नगरपालिकाको विगत २ वर्षको नतिजा

| कक्षा | शैक्षिक सत्र २०८० | | | शैक्षिक सत्र २०८१ | | |
|---|---|---|---|---|---|---|
| | परीक्षामा सहभागी | GPA प्राप्त संख्या | GPA प्रतिशत | परीक्षामा सहभागी | GPA प्राप्त संख्या | GPA प्रतिशत |
| ५ | ११८४ | ९०९ | ७६.७७ | १११५ | ८४५ | ७८.४८ |
| ८ | १२६९ | १०७२ | ८४.४८ | १०३२ | ९०७ | ८७.८९ |
| १० | ८७६ | ३५८ | ४०.८७ | ५७५ | ४१६ | ७२.३५ |




## २०८१ को एसइइको तुलनात्मक विवरण


| एसइईको अवस्था २०८१ | |
|---|---|
| नेपाल | ६१.८१ |
| लुम्बिनी प्रदेश | ६२.३२ |
| बर्दिया जिल्ला | ५६.४ |
| **ठाकुरबाबा** | **७२.३५** |




## ज स्थानीय पाठ्यक्रम परिमार्जन

ठाकुरबाबा नगरपालिकाले सबै विद्यालयहरुमा कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय विषय स्थानीय पाठ्यक्रम “हाम्रो ठाकुरबाबा” तयार गरी नियमित पठनपाठन गराउँदै आएकोमा पुरानो पाठ्यक्रम परिमार्जन गरी नैतिक शिक्षा समेत समावेश गरी पठनपाठन भैरहेको छ ।






## प्रधानाध्यापकहरुका लागि सेतो प्लेटको मोटरसाइकल वितरण




शिक्षालाई थप सुदृढीकरण गर्न प्रधानाध्यापकहरुलाई प्रोत्साहित गरी कार्यक्षमता र कार्यकुशलतालाई अभिवृद्धि गर्न पहिलो चरणमा ९ वटा माध्यमिक तहका प्रधानाध्यापकहरुका लागि सेतो प्लेटको मोटरसाइकल वितरण गरिएको छ । जुन विषयलाई शिक्षक मासिकले कभरपेज सहितको आलेख प्रकाशन गरेको छ ।




## प्रधानाध्यापक भत्तामा वृद्धि

अतिरिक्त समय पनि काम गर्न पर्ने र विभिन्न निकायहरुमा समन्वय, सहकार्य र सम्पर्क गर्न पर्ने भएकोले नीतिगत नै व्यवस्था गरेर ठाकुरबाबामा कार्यरत प्रधानाध्यापकहरुको मासिक भत्ता मा.वि.तह रु.३०००/नि.मा.वि. तह रु २५००/ र प्रा.वि. तह रु. २०००/ कायम गरिएको छ ।

| प्रधानाध्यापक भत्ता व्यवस्थापन | | | |
|---|---|---|---|
| तह | सङ्घीय सरकारबाट भएको व्यवस्था | नगरपालिकाबाट थप भएको | वृद्धि प्रतिशत |
| माध्यमिक | ५०० | २५०० | ६०० |
| आधारभूत कक्षा ८ सम्म | ३०० | २२०० | ८३३ |
| प्राथमिक तह | २०० | १८०० | १००० |




## झ. न्यानो कपडा व्यवस्थापन

चिसो मौसममा कठ्याङ्ग्रिदै विद्यालय आउनु पर्ने विद्यार्थीको अवस्थालाई हेरी ठाकुरबाबा नगरपालिकाबाट ८ कक्षा सम्मका विद्यार्थीलाई न्यानो कपडा र टाइबेल्ट वितरण गरिएको छ । यसैगरी आर्थिक अभावका कारण विद्यालय पोशाक खरिद गर्न नसक्ने बालबालिकालाई नगरपालिकाबाट विद्यालय पोशाक समेत उपलब्ध गराइएको छ ।





## ञ. नगर खेलकूद विकास समिति गठन

"स्वास्थ्यका लागि खेलकूद : राष्ट्रका लागि खेलकुद" भन्ने मूल नारा सहित ठाकुरबाबा नगरपालिकाले नियमित रुपमा खेलकुदका गतिविधिहरु सञ्चालन गर्न छुट्टै समितिको आवश्यकता महसुस गरी नगर खेलकुद विकास समिति गठन गरेको छ । तिर्थ बहादुर खड्का अध्यक्ष रहेको नगर खेलकूद विकास समितिले कभर्ड हलको मर्मत सम्भार पछि त्यहीँ कार्यालय स्थापना गरेको छ । अब नगरपालिकाबाट सञ्चालन हुँदै आएका खेलकुदका गतिविधिहरु नगर खेलकुद विकास समितिबाट सञ्चालन हुनेछ ।





## ट. नियमित खेलकुद कार्यक्रम सञ्चालन, खेलाडी प्रोत्साहन तथा सहभागिता

सानै उमेरदेखि नै खेलप्रति आकर्षित गर्न, नयाँ प्रतिभाहरुको खोजी गर्न, अवसर प्रदान गर्न र पुराना प्रतिभालाई निखार्दै जान नियमित खेलकुद कार्यक्रमको अपरिहार्यता छ । सोही कुरालाई मध्यनजर गरी नगरपालिकाबाट नियमित रुपमा वडास्तरीय, नगरस्तरीय तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गर्दै आएको छ । यसका साथै नगरपालिकाबाट खेल प्रशिक्षक नै राखी विद्यालय तहमा नै नियमित रुपमा खेलकुद कार्यक्रमहरु सञ्चालन पनि हुँदै आएका छन्। जिल्लास्तरीय रनिङ्ग शिल्ड, राष्ट्रिय, अन्तराष्ट्रिय खो खो प्रतियोगितामा सहभागिता, खेलाडी सम्मान तथा प्रोत्साहन (जिल्ला, राष्ट्रिय, अन्तर्राष्ट्रिय पदक विजेतालाई) जस्ता कार्यक्रम पनि नियमित रुपमा गरिँदै आइएको छ ।



## खो खो र ठाकुरबाबा आपसमा पर्यायवाची जस्तो

नेपालले खो खो खेलका माध्यमबाट खेल जगतमा आफूलाइ स्थापित गरेको छ। विश्वकप २०२५ मा महिला र पुरुष तर्फको दुवै खेलमा उपविजेता हुन सफल नेपाल, यस खेलमा सहभागी आधा भन्दा बढी खेलाडी भने ठाकुरबाबाका छन । नेपालमा नै पहिलो पटक खो खो लिग चरण आयोजना गरेर मात्र होइन, राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा आयोजना हुने सबै खेलमा ठाकुरबाबाको खेलाडीको दबदबा रहँदै आएको छ ।








## ठ. प्रथम खोखो लिग चरण खेल प्रतियोगिता सञ्चालन



ठाकुरबाबा नगरपालिका खो खो खेलको उर्वर भूमिकारुपमा पनि परिचित छ । यहाँका खेलाडी र प्रशिक्षकको परिश्रम र नगरपालिकाको खो खो खेलमा लगानीकै कारण नेपालकै इतिहासमा पहिलोपटक विश्वकपको फाइनलमा पुगी उपविजेता बन्न सफल भएको छ । खो खो विश्वकपको पुरुष तथा महिला दुवै टिमका खेलाडी मध्ये १२ जना यसै नगरपालिकाका रहेका छन् । नगरपालिकामा खो खो खेल खेल्न  आफ्नै कभर्ड हल रहेको र नियमित रुपमा खो खो प्रतियोगिता सञ्चालन गर्दै आएका कारण खोखोमा विश्वकप सम्मको यात्रा तय गरी उपविजेता बन्न सफल भएको छ । खोखो खेलको गर्विलो इतिहासलाई कायम राखिरहन प्रथम खो खो लिग चरण प्रतियोगिता सञ्चालन गरिएको छ । २०८१ साल चैत्र २३ देखि ३० सम्म सञ्चालित उक्त लिग चरणमा जम्मा ५ वटा टिमहरुको सहभागिता रहेको थियो ।

## ड ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानको स्थापना



नगरस्तरीय भाषा, कला, साहित्य,संस्कृतिको संरक्षण, विकास र प्रवर्द्धन गर्नका लागि ठाकुरबाबा प्रज्ञा प्रतिष्ठान ऐन, २०८० निर्माण गरी ठाकुरबाबा प्रज्ञा प्रतिष्ठान गठन गरिएको छ । लुम्बिनी प्रदेशमै दोश्रो प्रज्ञा प्रतिष्ठानका रुपमा गठन भएको ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानले स्थानीय कला, साहित्य, संस्कृति संरक्षण लगायत विभिन्न उल्लेखनीय गतिविधिहरु सञ्चालन गरिरहेको छ । कृष्ण प्रसाद पौडेल अध्यक्ष तथा खगेन्द्र नेपाल उपाध्यक्ष रहेको यस प्रज्ञा प्रतिष्ठानमा कला साहित्य, सामाजिक क्षेत्र लगायत विभिन्न क्षेत्र लगायत योगदान दिनुभएका ९ जना सदस्यहरु रहनु भएको छ । वडा न १ भुरिगाउँमा कार्यालय स्थापना गरी विभिन्न रचनात्मक कार्यहरु हुँदै आइरहेको छ ।

## देउडा संस्कृति, मारुनी तथा लाखे नाच संरक्षण कार्यक्रम



ठाकुरबाबा नगरपालिका स्थानीय संस्कृतिमा मात्र हैन बहुसंस्कृतिका हिसाबले पनि परिचित हुँदै गइरहेको छ । पछिल्लो समयमा पहाडी क्षेत्रबाट  बसाईसराई गरी आउने समुदायको सङ्ख्या बढ्दै जाँदा सबै समुदायमा रहनसहन, भेषभुषा, कला, संस्कृति, पनि सँगै विकास भएको देखिन्छ । सबै समुदायमा आफ्नो संस्कृति जर्गेना गर्ने छुट्टै उत्साह पनि देखिन्छ । यसै क्रममा यहाँ मगर, नेवार, दलित समुदायको हुड्के लगायत देउडाप्रेमी समुदायको भावनालाई सम्बोधन गर्दै प्रतिष्ठानबाट देउडा संस्कृति संरक्षण, लाखे नाच कार्यक्रम आयोजना, मारुनी नाच संरक्षणका लागि तालिम लगायत विभिन्न कार्यक्रमहरु आयोजना गरिँदै आएको छ । यसका साथै प्रज्ञा प्रतिष्ठानबाट परम्परागत तथा रैथाने खाना र वस्तुहरुको संरक्षण सम्बन्धी काम पनि शुरु भएको छ ।





## महिला पञ्चे बाजा समूह निर्माणका लागि तालिम

हाम्रो मौलिक परम्परा र पहिचान बोकेको पञ्चेबाजा विस्थापन भई व्याण्ड बाजा जस्ता आयातित संस्कृति हावी हुन लागेको अवस्थामा स्थानीय लोक साहित्य र संस्कृतिको जगेर्ना गर्दै पञ्चेबाजालाई प्रोत्साहन गर्न ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानद्वारा महिला समूहलाई पञ्चेबाजा तालिम प्रदान गरिएको छ। हाल उक्त पञ्जेबाजा समूहले विभिन्न कार्यक्रम तथा उत्सवहरुमा पञ्चेबाजा बजाउने काम गर्दै आइरहेको छ।





## मादल बजाउने तालिम

परम्परागत वाद्यवादन सामाग्रीहरुको प्रयोग गरेर मनोरञ्जन गर्ने चलनमा कमी आई चर्को आवाजमा डिजे बजाउने संस्कृतिले ध्वनि प्रदूषण बढाउने मात्र नभई परम्परा र संस्कृति नै लोप हुने अवस्था सृजना हुन नदिन र वालविकासबाटै बालबालिकालाई यस्ता कार्यहरुमा अभ्यस्त बनाउन प्रज्ञा प्रतिष्ठान बाट ६० जना बालविकासबाटै सहजकर्ताका लागि १५ दिने मादल वादन तालिम प्रदान गरिएको छ।





**लोक नृत्य संरक्षणका लागि खुला लोक नृत्य प्रतियोगिता तथा कविता प्रतियोगिता**

स्थानीय कला संस्कृति संरक्षणका लागि लाइभ बाजा र गीतमा नाच्ने कार्यलाई प्रोत्साहित गर्न हरेक वर्ष गणतन्त्र दिवसको अवसरमा माध्यमिक विद्यालयस्तरीय खुला लोक नृत्य प्रतियोगिता सञ्चालन हुँदै आएको छ । यसका साथै नेपाली साहित्यका मुर्धन्य व्यक्तित्व आदिकवि भानुभक्त आर्चायको सम्मानमा भानुजयन्तीका अवसरमा खुला कविता प्रतियोगिता समेत सञ्चालन हुँदै आएको छ ।




## ढ. दिगो विकासका लागि सीप परियोजना

आजको आवश्यकता सैद्धान्तिक शिक्षा मात्र भन्दा पनि व्यवहारिक र सीपमूलक शिक्षा हो । व्यवहारिक शिक्षाले युवाहरुलाई रोजगारीमा जोड्न वा स्वरोजगार बनाउन सहयोग पुग्ने भएकाले नगरपालिकाबाट बाट इन्स्योर परियोजनाको सहयोगमा दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना

अन्तर्गत **CTEVT Level 2** को ३६९६ घण्टे विभिन्न विषयका तालिमहरु सञ्चालन गरिँदै आइएको छ। हालसम्म तालिम प्राप्त सहभागीहरुको विवरण निम्नानुसार रहेको छ।

| क्र. सं. | आर्थिक वर्ष | सञ्चालित तालिमको नाम | अवधि | सहभागी सङ्ख्या |
|---|---|---|---|---|
| १ | २०७९ | प्रोफेसनल कुक तालिम | १० महिना | १९ |
| २ | २०८० | लाइट भेहिकल मेकानिक | १० महिना | १३ |
| | | कम्प्युटर हार्डवेयर एण्ड नेटवर्किङ | १० महिना | १७ |
| ३ | २०८१ | प्रोफेसनल कुक तालिम | १० महिना | २० |
| | | लेखा | १० महिना | १८ |
| ४ | २०८२ | प्रोफेसनल कुक तालिम | १० महिना | २० |
| | | प्लम्बर | १० महिना | २० |






## ण. अभिभावक शिक्षा

अभिभावकको प्रत्यक्ष संलग्नता र सहभागिताबाट मात्र बालबालिकाको सिकाइलाई मूर्तरुप दिन सकिन्छ। बालबालिकाको लामो समय अभिभावक विशेषत आमाहरुसँग बित्ने भएकोले बालबालिकाको सिकाइमा आमाको भूमिका महत्वपूर्ण हुन्छ। यसै विषयलाई मध्यनजर राखी नगरपालिकाले आमा अभिभावकलाई केन्द्रित गरी अभिभावक शिक्षा सञ्चालन गरेको छ। अब टोलटोलमा अभिभावक शिक्षा सञ्चालन गर्ने रणनीति अख्तियार गरिनेछ। हालसम्म १६५१ जनालाई अभिभावक शिक्षामा सहभागिता गराइएको छ।




## त. विद्यार्थी उत्प्रेरणा कक्षा

कक्षाकोठाको सिकाइ राम्रो हुनका लागि सिकारुमा उत्साह एवं अभिरुचि हुन जरुरी छ । किन पढने ? जीवन सफल बनाउन किन जरुरी छ ? सामाजिक सञ्जाललाई सिकाइमा कसरी प्रयोग गर्ने लगायतका विषयमा बालबालिकालाई जानकारी र उत्प्रेरित गर्न जरुरी छ । सँधै सिकिरहेको विषय भन्दा फरक तर सफलताका लागि आफूले गर्नुपर्ने प्रयत्नका विषयमा फरक ढङ्गले अभिप्रेरित गरे भने उनीहरु सिकाइमा तत्पर रहने देखिन्छ । यसैले कक्षा ६ देखि १२ सम्मका बालबालिकालाई उत्प्रेरणामूलक कक्षाहरु सञ्चालन गरिएको छ ।




## थ. आधुनिक फर्निचर व्यवस्थापन

कक्षाकोठाको व्यवस्थापनले सिकाईमा सहजता प्रदान गर्छ । बालबालिकाको कक्षा बसाइलाई थप व्यवस्थित र सहज बनाउन आधुनिक फर्निचरको व्यवस्था गरिएको छ । नयाँ कक्षाकोठा निर्माण सँगै नयाँ फर्निचरले कक्षाकोठाको आकर्षणमा सुधार गरेको छ । आ.व. २०८०/०८१ मा २४६ र आ.व. २०८१/०८२ मा २३७ गरी ४८३ जोर नयाँ डेक्सबेन्च तयार गरी विद्यालयलाई हस्तान्तरण गरिएको छ । यसबाट करिब १९३२ बालबालिकाको बसाईलाई सहज बनाउने अपेक्षा गरिएको छ ।





## द. एकै समयमा सबै विद्यालयमा सङ्गीतमय पिटि

दिनको सङ्केत बिहानीले गर्छ भने जस्तै दिनको शुरुवात सङ्गीतमय वातावरणबाट शुरु भएमा दिनभरि बालाबालिकाहरु सिकाईप्रति उत्प्रेरित हुन सक्छन् । यसै कुरालाई मध्यनजर गरी सबै सामुदायिक विद्यालयमा एकै पटक सङ्गीतमय पिटि कार्यक्रम सञ्चालन गरिएको छ ।





## ध. शिक्षक सम्मान

कक्षाकोठाको सिकाई शिक्षकको तत्परता र कार्यकुशलतामा निर्भर रहन्छ । त्यसका लागि शिक्षकलाई प्रोत्साहन र उत्प्रेरित गर्न जरुरी छ । शिक्षकको खुसि कक्षाकोठाको सिकाइमा प्रतिबिम्बित हुन्छ । पुरस्कार र दण्डको नीतिले काममा आशाको सञ्चार गर्न सकिन्छ । नगर र राष्ट्रियस्तरको परीक्षामा विषयगत उत्कृष्ट नतिजा दिने विषयगत शिक्षकहरुलाई १० हजार नगद पुरस्कार सहित सम्मान गरिएको छ । २०८१ को परीक्षाको आधारमा ८४ जना शिक्षकहरु सम्मानित हुनु भएको छ ।





# ३ स्वास्थ्य

## ३.१ नगरपालिकामा स्वास्थ्य सेवाको शुरुवात

स्वास्थ्य सम्बन्धी विभिन्न अनौपचारिक उपचार पद्धतिबाट स्वास्थ्य क्षेत्रको विकास र विस्तार हुँदै आएको भए पनि यस नगरपालिकामा औपचारिक उपचार पद्धतिको रुपमा वि.सं. २०३७ मा ईलाका स्वास्थ्य चौकीको स्थापनासँगै एलोप्याथिक उपचार पद्धतिमा पाइला चालेको ठाकुरबाबा नगरपालिकाले वि. सं २०४८ को राष्ट्रिय स्वास्थ्य नीतिले आधारभूत स्वास्थ्यमा सबैको पहुँच पुर्याउने उद्देश्यले तत्कालीन सबै गाउँ विकास समितिहरूमा उपस्वाथ्य चौकी, ईलाकाहरूमा स्वास्थ्य चौकी, प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने रणनीति अनुरुप विभिन्न वडाहरुमा स्वास्थ्य सेवा विस्तार गरेको हो । हाल यस नगरपालिकामा एक वडा एक स्वास्थ्य संस्थाको अवधारणा बमोजिम ९ वटै वडामा स्वास्थ्य संस्था स्थापना गरी सञ्चालन गरिएको छ ।

स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रुपमा स्थापित गर्दै वि.स. २०६२/६३ को जनआन्दोलन पश्चात् बनेको अन्तरिम संविधानले निःशुल्क स्वास्थ्य सेवाको अवधारणालाई विकसित गरे अनुरुप यस ठाकुरबाबा नगरपालिकाले नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाबाट अत्यावश्यक निःशुल्क उपचार सेवा शुरु गरी नगरवासीको स्वास्थ्यको हक सुनिश्चित गर्ने प्रयास गरेको छ । सङ्घीयता कार्यान्वयनका क्रममा स्थानीय तहको स्वास्थ्य क्षेत्रका जिम्मेवारीहरु पूरा गर्न नगरपालिका अन्तर्गत स्वास्थ्य शाखाको स्थापना गरिएको छ

भने नगरपालिका मातहतका स्वास्थ्य चौकीहरु नगरपालिकालाई हस्तान्तरण भएका छन् । यसै गरी साविकमा स्वास्थ्य चौकी नरहेका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु स्थापना भई सञ्चालनमा आएका छन् । यस नगरपालिकाले गरिब, अल्पसङख्यक, पिछडिएका सिमान्तकृत, लक्षित वर्ग, उमेर समूह, शारीरिक तथा मानसिक रुपमा अशक्त नागरिकहरुमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्दै आएको छ ।



## ३.२ स्वास्थ्य सेवा

### क. नगरपालिकाको वर्तमान स्वास्थ्य अवस्था .

नेपालको संविधानमा स्वास्थ्यलाई जनताको आधारभूत मौलिक अधिकारको रुपमा स्थापित गरिएको छ । संविधानले निःशुल्क स्वास्थ्य सेवाको अवधारणालाई विकसित गरे अनुरुप यस ठाकुरबाबा नगरपालिकाले नगरपालिका अन्तगर्तका स्वास्थ्य संस्थाबाट अत्यावश्यक निःशुल्क उपचार सेवा शुरु गरी नगरवासीको स्वास्थ्यको हक सुनिश्चित गर्ने प्रयास गरेको छ । सङ्घीयता कार्यान्वयनका क्रममा स्थानीय तहको स्वास्थ्य क्षेत्रका जिम्मेवारीहरु पूरा गर्न नगरपालिका अर्न्तगत स्वास्थ्य शाखाको स्थापना गरिएको छ भने नगरपालिका मातहतका स्वास्थ्य चौकीहरु नगरपालिकालाई हस्तान्तरण भएका छन् । यस नगरपालिकामा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न ४ स्वास्थ्य चौकी, ५ आधारभूत स्वास्थ्य सेवा केन्द, २९ वटा गाउँघर क्लिनिक, ३० वटा खोप क्लिनिक, ८३ जना महिला स्वास्थ्य स्वयम्सेविका छन् । यस

नगरपालिका अन्तर्गत २ वटा स्वास्थ्य चौकीबाट पाँच प्रकारका परिवार नियोजनका साधन तथा प्रसुति सेवा उपलब्ध छ । यस्तै गरी यस नगरपालिकाभित्र विभिन्न किसिमका निजी स्वास्थ्य संस्थाहरुले सेवा प्रदान गर्दै आएको भएतापनि सुचीकृत निजी स्वास्थ्य संस्थाहरु हालसम्म जम्मा ४ वटा रहेका छन् । नगरपालिकाले गरिब, अल्पसङ्ख्यक, पिछडिएका सिमान्तकृत, लक्षित वर्ग, उमेर समूह, शारीरिक तथा मानसिक रुपमा अशक्त नागरिकहरुमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्दै आएको छ। यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा ९१ जना स्वास्थ्यकर्मीद्वारा स्वास्थ्य सेवा प्रदान गरिदै आइएको छ। स्वास्थ्यकर्मी र जनसङ्ख्याको अनुपात हेर्दा ४२५२ जनसङ्ख्यालाई १ जना प्यारामेडिक्स तथा ६१४ जनसंख्यालाई १ जना महिला स्वास्थ्य स्वयंसेविका हुन आउँछ। .






# स्वास्थ्य सेवातर्फ भएका केही महत्वपूर्ण कार्यक्रमहरू

## क. आधारभूत स्वास्थ्य सेवा तथा चौबिसै घण्टा इमरजेन्सी सेवा सञ्चालन

आर्थिक रूपले विपन्न तथा कमजोर आर्थिक अवस्थाका स्थानीय समुदायहरूलाई सुलभ र सहज रूपले उपचारको व्यवस्था मिलाउन भिडियो एक्सरे, बिरामी भर्ना तथा सामान्य शल्यक्रियालगायत २४ घण्टे इमरजेन्सी सेवा सहित आधारभूत नगर अस्पताल सञ्चालन गरिएको छ। यसका साथै नागरिकहरुको लागि सबै स्वास्थ्य संस्थाबाट प्रदान गर्नुपर्ने आधारभूत सेवा, समयमै औषधि आपुर्ति सेवा, स्वास्थ्य बिमा सेवा, भेन्टिलेटर सहितको सर्पदंश उपचार सेवा र रेबिज खोप सेवा र जटिल अवस्थामा रेफर गर्नुपर्ने सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ।


## स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्थाको नाम र सेवाग्राहीको सङ्ख्या ।

| क्रसं | स्वास्थ्य संस्थाको नाम | आर्थिक वर्ष | | | जम्मा |
|---|---|---|---|---|---|
| | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | |
| १ | ठाकुरबाब आधारभूत नगर अस्पताल | १४४६६ | १९५११ | २४५७० | ५९५४७ |
| २ | नेउलापुर स्वास्थ्य चौकी | १२७१ | २३५७ | १५०६ | ५१३४ |
| ३ | आ स्वा केन्द्र रानीपुर | ७४७३ | ५२०२ | ५८८२ | १८५५७ |
| ४ | आ स्वा केन्द्र गोदाना | ४६४४ | ५१९३ | ३३१४ | १३१५१ |
| ५ | बगनाह स्वास्थ्य चौकी | १०६६६ | १०८७३ | ५९४८ | २७४८७ |
| ६ | आ स्वा केन्द्र बनकट्टी | ४८३१ | ५०४९ | ३१८४ | १३०६४ |
| ७ | शिवपुर स्वास्थ्य चौकी | ५८०५ | ६९६९ | ४९७० | १७७४४ |
| ८ | आ स्वा केन्द्र मोहनपुर | ७५६१ | ६९६४ | ४७१७ | १९२४२ |
| ९ | ठाकुरद्वारा स्वास्थ्य चौकी | ६०५४ | ९४५५ | ५७९७ | २१३०६ |
| १० | आ स्वा केन्द्र ठाकुरद्वारा | ७९९० | ६६९२ | ४०४६ | १८७२८ |
| | कुल जम्मा | **७०७६१** | **७८२६५** | **५४५२१** | **२०३५४७** |



## अन्य सेवाहरु

| क्र सं | सेवाको विवरण | आर्थिक वर्ष | | | जम्मा |
|---|---|---|---|---|---|
| | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | |
| १ | रेविज खोप | ३६१ | ६६३ | ७७५ | १७९९ |
| २ | सर्पदंश उपचार सेवा | | | ३७ | ३७ |
| ३ | गर्भवतीका लागि नि:शुल्क भिडियो एक्सरे सेवा | | | २९६ | २९६ |
| ४ | रक्तदान | ३७९ | ४३० | १५० | ९५९ |
| ५ | स्वास्थ्य उपचार खर्च प्राप्त | १४९ | १२० | ८० | ३४९ |
| ६ | बर्थिङ्ग सेन्टर प्रसुति सेवा | ४२८ | ३२८ | २९५ | १०५१ |
| ७ | क्यान्सर पीडित मृगौला रोगी र मेरुदण्ड चोट भै पक्षघात भएका बिरामिहरुलाइ मासिक उपचार खर्च | | | ९२ | ९२ |






## ३.३ स्वास्थ्य बिमा सेवा शुभारम्भ

सबै नागरिकहरुलाई स्वास्थ्य सेवाको पहुँचमा पुर्याउन नेपाल सरकारबाट लागू गरिएको स्वास्थ्य बिमा सेवा लिन पनि यस नगरपालिकाका जनताहरु नेपालगञ्ज पुग्नु पर्ने अवस्थाको अन्त्य गर्न आधारभूत

नगर अस्पतालबाटै स्वास्थ्य बिमा सेवा प्रदान गर्न आ.व.२०८०/८१ देखि स्वास्थ्य बिमा सेवा शुरु गरिएको छ। स्वास्थ्य बिमा सेवा शुरु भएपछि हालसम्म ८९४८ जनाले सेवा लिइसक्नु भएको छ।

| क्र सं | विवरण | आर्थिक वर्ष | | | जम्मा |
|---|---|---|---|---|---|
| | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | |
| १ | स्वास्थ्य बिमाबाट सेवा लिएको सङ्ख्या | — | ३४४४ | ५५०४ | ८९४८ |




## ३.४ विशेषज्ञ स्वास्थ्य शिविर

अधारभूत नगर अस्पतालबाट २ जना एम.वि.वि.एस. डाक्टरसहित २४ सै घण्टा इमरजेन्सी सेवा प्रदान गरिंदै आएको भएपनि समय समयमा विशेषज्ञ सहितको सेवा आवश्यक देखिएको र विपन्न समुदायहरु विशेषज्ञ सेवा लिन नेपालगन्ज, कोहलपुर जस्ता ठाउँमा पुग्न नसक्ने हुँदा जनतालाई घरदैलोमै विशेषज्ञ सेवा प्रदान गर्न साप्ताहिक रुपमा विशेषज्ञ सेवा शुरु गरिएको छ। साप्ताहिक रुपमा हाडजोर्नी तथा नशा रोग विशेषज्ञ र स्त्रीरोग विशेषज्ञ, जनरल फिजिसियन विशेषज्ञ सेवा र बृहत् रुपमा पाठेघरको मुखको क्यान्सर परीक्षण शिविर, हरेक वर्ष आँखा शिविर, कान शिविर र त्रैमासिक रुपमा रक्तदान शिविर सञ्चालन गरिंदै आइएको छ।






## स्वास्थ्य शिविर सञ्चालन २०७९ देखि २०८२ बैशाख सम्म

| क सं | शिविरको नाम | लाभान्वित सङ्ख्या | | |
|---|---|---|---|---|
| | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | बृहत महिला स्वास्थ्य शिविर तथा पाठेघरको मुखको क्यान्सर शिविर | | २६७ | १८८० |
| २ | आँखा शिविर | | ३०१७ | १४५९ |
| ३ | कान शिविर | | | |
| ४ | प्रजनन रुग्णता तथा स्तन क्यान्सर परिक्षण शिविर | | | १५० |
| ५ | नि:शुल्क परिक्षण हाडजोर्नी तथा नशा रोग विशेषज्ञ सेवा | | | २९४ |
| ६ | जनरल फिजिसियन शिविर | | | १२६ |
| ७ | एचपिभि खोप अभियान | | | २२५८ |
| ८ | गोपाल नीना फाउन्डेसनबाट जनरल र हाडजोर्नी शिविर | | | १४५९ |




## ३.५ स्वास्थ्य संस्था तथा विद्यालयहरुमा वास संरचनाको मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था

ठाकुरबाबा नगरवासीलाई आधारभूत स्वास्थ्य सेवा दिन १० वटा स्वास्थ्य संस्थाहरु र शिक्षाका लागि १९ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । स्वास्थ्य संस्था तथा विद्यालयमा रहेका खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सेवामा दिगो रुपमा सेवाग्राहीको पहुँच सुनिश्चित गर्न र स्वास्थ्य संस्था तथा विद्यालयमा आवश्यक स-साना मर्मतका लागि परनिर्भरता हटाउन, स्वास्थ्य संस्था तथा विद्यालयका वास संरचनाको निरन्तर सञ्चालन, व्यवस्थापन तथा दिगोपना सुनिश्चित गर्न, स्वास्थ्य संस्था तथा विद्यालयहरुमा वास संरचनाको मर्मत सम्भार कोष स्थापना गरी सञ्चालन गरिएको छ। विद्यालयका लागि ११ लाख र स्वास्थ्य संस्थाका लागि ५ लाख गरी १६ लाखको कोष स्थापना गरिएको छ । जसले गर्दा स्वास्थ्य संस्था तथा विद्यालयका वास संरचनामा हुने खर्चमा मितव्ययिता अपनाउन सहयोग पुग्नुका साथै सेवा समेत गुणस्तरीय भएको छ ।

## ३.६ स्वास्थ्य उपचार रकम वितरण

क्यान्सर, मुटुरोग, मेरुदण्डको पक्षघात, मृगौला डायलाइसिस गनुपर्ने र नियमित औषधि सेवन गर्नुपर्ने बिरामीहरुलाई नेपाल सरकारबाट मासिक रुपमा रु ५ हजारका दरले र थालासेमिया रोगका बिरामीलाई  मासिक रु ३ हजारका दरले ९ जनालाई औषधि उपचार खर्च उपलब्ध गराउँदै आइएको छ ।





## ३.६ मातृ शिशु स्वास्थ्य सेवा

आमा तथा बच्चाको स्वास्थ्यमा विशेष सेवा पुर्याउन ठाकुरबाबा नगरपालिकामा रहेका ४ वटा बर्थिङ्ग सेन्टर स्तरोन्नति (४ वटा बर्थिङ्ग सेन्टरमा ए.सि. जडान, गर्भवती महिलाहरुलाई क्याल्सियम चक्की वितरण, रेफर गर्नुपर्ने जटिल अवस्थाका सुत्केरीलाई एम्बुलेन्स सेवा र निःशुल्क भिडियो एक्सरे सेवा नियमित रुपमा प्रदान गरिँदै आइएको छ।

## ३.७ बहुक्षेत्रीय पोषण कार्यक्रम

| क्र.सं. | कार्यक्रम | पोषण अवस्थाको विश्लेषण | | |
|---|---|---|---|---|
| | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | वृद्धि अनुगमन (२ वर्ष मुनिका बालबालिका) | २४४५ पटक | ६७२१ | ६६३० जना |
| २ | पोषण स्क्रिनिङ्ग क्याम्पबाट **MAM** र **SAM** पत्ता लागेको अवस्था | ३१ जना | २२ जना | १० जना |
| ३ | **SAM** र **MAM** उपचारात्मक खानाबाट उपचार | ३१ जना | २२ जना | १० जना |
| ४ | गर्भवती महिलालाई निःशुल्क क्याल्सियम चक्की वितरण | १९५ जना | ७० जना | ५९१ जना |

## ३.८ महिला स्वास्थ्य स्व्यंसेविकाको क्षमता अभिवृद्धि तथा सम्मान

जनताको आधारभूत स्वास्थ्य सेवा सन्देश संवाहकको रुपमा तथा स्थानीय आधारभूत स्वास्थ्य सेवालाई जनताको घरदैलोमै पुर्याउने काम गर्दै आइरहनु भएका महिला स्वास्थ्य स्वयंसेविकालाई नगरपालिकाबाट पनि विभिन्न किसिमका क्षमता अभिवृद्धि तालिमहरु र सम्मान कार्यक्रम सञ्चालन गरिँदै आइएको छ। ६० वर्ष उमेर पुगेका स्वास्थ्य स्वयंसेविकालाई जनही रु. १ लाख रकम सहित बिदाई ,स्वयंसेविकाको नि:शुल्क स्वास्थ्य बिमा, रेफर गर्नुपर्ने अवस्थामा नि:शुल्क एम्बुलेन्स सेवा लगायत विभिन्न सामाग्रीहरु समेत प्रदान गरिँदै आइएको छ।

## ३.९ विपन्न तथा दिर्घरोगीलाई उपचार खर्च तथा सिफारिस

दिर्घरोगीहरु (मुटु, मृगौला र क्यान्सर रोगका रोगी) ले नियमित रुपमा सेवन गर्नुपर्ने औषधिका लागि नेपाल सरकारबाट मासिक रुपमा रु ५ हजार सहयोग नियमित नगरपालिकाबाट उपलब्ध गराई शोधभर्ना लिएको छ भने सङ्घ सरकार र लुम्बिनी प्रदेश सरकारबाट उपलब्ध सेवासहित उपचारका लागि ९२ जना विपन्न नागरिकलाई सिफारिस गरिएको छ।

## २.३ सामाजिक समावेशीकरण र संरक्षण

नेपाल बहुजातिय, बहुभाषिक, बहुधार्मिक एवं बहुसांस्कृतिक देश हो । हरेक समुदाय, जातजातिहरुको समानुपातिक सन्तुलित र न्याय सङ्गत विकास हुन सके मात्र देशमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ । समाजमा विद्यमान लैङ्गिक, जातिय असमानता भेदभावयुक्त व्यवहार र मान्यता महिला हिसा, शोषण तथा उत्पीडन गरिबी आदिजस्ता बिसङगतिहरुलाई आत्मसाथ गर्न नेपाल सरकारद्वारा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त विभिन्न प्रतिबद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिँदै ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला, दलित, जनजाति, मुस्लिम समुदाय आर्थिक अवस्था पछाडि रहेका समुदायको शिक्षा, स्वास्थ्य, राजनीतिक सहभागितामा वृद्धि गर्न र संविधानको मर्म, समानुपातिक विकास तथा दिगो विकासको लक्ष्य हासिल गर्न ठाकुरबाबा नगरपालिकाले पनि लक्षित वर्गका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । लक्षित वर्गका लागि सञ्चालित केही मुख्य कार्यक्रमहरु तल उल्लेख गरिएको छ ।

### ३.१ ज्येष्ठ नागरिक सम्बन्धी गतिविधि

हाम्रो सांस्कृतिक परम्परा र पारिवारिक मूल्यको एउटा मूल्य मान्यता मातृदेवो: भव, पितृ देवो : भवको भावना पनि हो । सामाजिक दायित्वप्रति संवेदनशील यस्ता मौलिक मान्यतालाई आत्मसाथ गर्दे बदलिदो परिवेशमा ज्येष्ठ नागरिकको सम्मानपूर्ण जीवन सुनिश्चित गर्नु हामी सबैको कर्तव्य हो । ज्येष्ठ नागरिकमा भएको ज्ञान, सीप र अनुभवलाई पुस्तान्तरण गर्दै ज्येष्ठ नागरिकको जीवनलाई सम्मानित, मर्यादित र सुखमय बनाउन सकौं भन्ने उद्देश्यले नगरपालिकाबाट विभिन्न गतिविधिहरु सञ्चालन गरिँदै आइएको छ ।





## ३.२ ज्येष्ठ नागरिक चौतारी निर्माण र सम्मान

जीवनको उर्जाशील समय परिवारको लालनपालन सहित समाज र देशको विकासका लागि क्रियाशील रही आफ्नो ज्ञान, सीप, र अनुभवलाई प्रयोग गरेर ज्येष्ठ नागरिकले धेरै ठूलो योगदान पुर्याउनु भएको छ । तर अहिलेको व्यस्त जीवनशैली र सूचना प्रविधिको विकाससँगै ज्येष्ठ नागरिकसँग बसेर कुरा गरिदिने सम्म कोही देखिदैन । पैसा भएपनि हेरविचार गर्नेको अभाव छ । अर्थात ज्येष्ठ नागरिकको अहिलेको सबैभन्दा ठूलो समस्या भनको एक्लोपन हो । पुस्तान्तरणले गर्दा एकले अर्कालाई नबुझ्ने समस्या देखिएको छ  भने सबै कामकाजमा जानु पर्ने बाध्यताले पनि ज्येष्ठ नागरिक एक्लै बस्नु पर्ने अवस्था छ । यसै कारणले गर्दा ज्येष्ठ नागरिकहरु एक ठाउँमा जम्मा हुने, एकआपसका भावना साट्ने, सत्सङ्ग, भजनकिर्तन जस्ता कार्यहरु गरेर समय व्यतित गर्न पनि साझा चौतारीको आवश्यकता देखिएकोले वडा नं १ भुरिगाउँमा व्यवस्थित ज्येष्ठ नागरिक चौतारी भवन निर्माणमा सहयोग गरिएको छ । यसका साथै ज्येष्ठ नागरिकलाई परिचयपत्र वितरण गर्ने, ज्येष्ठ नागरिक चौतारीमा दिवा खाजा, टिभि, वाद्यवादनका सामाग्री , विभिन्न दिवसहरु जस्तै आमाको मुख हेर्ने दिन, बुवाको मुख हेर्ने दिन, ज्येष्ठ नागरिक दिवसमा सम्मान गर्ने, स्वास्थ्य जांच गर्ने जस्ता गतिविधि पनि नियमित रुपमा सञ्चालन गरिदै आइएको छ ।







## ३.३ ज्येष्ठ नागरिक परिचयपत्र वितरण

ज्येष्ठ नागरिक समाजका सम्पदा हुन् । समय, घटना, अनुभव र सीपको अथाह भण्डार हाम्रा ज्येष्ठ नागरिकमा प्राप्त गर्न सकिन्छ । नेपालको संविधानले समेत ज्येष्ठ नागरिकलाई मौलिक हकमा राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने प्रत्याभूति गरेको छ । घरधुरी सर्वेक्षण, २०७९ बमोजिम ६० वर्षमाथिको जनसंख्या ४७४१ रहेको छ । आ.व. २०७९/८० मा २०९० जना, आ.व. २०८०/८१ मा १४ जनालाई र २०८१/८२ मा १३ जना गरी जम्मा २११७ जनालाई नगरपालिकाबाट ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको छ ।

| वडा | आ.व.२०७९/८० | आ.व.२०८०/८१ मा थप | आ.व.२०८१/८२ मा थप | कुल जम्मा |
|---|---|---|---|---|
| १ | ३५२ | ६ | ३ | ३६१ |
| २ | ३६६ | ४ | १ | ३७१ |
| ३ | २२३ | १ | ३ | २२७ |
| ४ | १२९ | १ | ० | १३० |
| ५ | २७३ | ० | ३ | २७३ |
| ६ | १९ | १ | १ | २१ |
| ७ | २६१ | ० | ० | २६१ |
| ८ | १२२ | ० | ३ | १२५ |
| ९ | ३४५ | १ | 0 | ३४६ |
| कुल जम्मा | २०९० | १४ | १४ | २११७ |




ज्येष्ठ नागरिकसँग भएका ज्ञान, सीप, अनुभवहरु हासिल गर्न र ज्येष्ठ नागरिकका समस्याहरुबारे जानकारी लिन तथा ज्येष्ठ नागरिकलाई नगरपालिकाबाट प्रदान गरिँदै आएका स्वास्थ्य सेवा लगायत विभिन्न विषयमा जानकारी प्रदान गर्न नगरपालिकाबाट नियमित रुपमा सबै वडामा ज्येष्ठ नागरिकसंग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिँदै आइएको छ । यस कार्यक्रममा ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण, बिमा नभएकाहरुको स्वास्थ्य बिमा र नियमित औषधी खानु पर्नेलाई सोही औषधी नगर अस्पतालबाट उपलब्ध हुने व्यवस्था मिलाइएको छ ।





३.५ महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि विवरण समेत सङकलन गरी कार्यक्रम अगाडि बढाउने नेपालको पहिलो नगरपालिका ठाकुरबाबा नगरपालिका हो ।

# न्यायिक समिति र सो को कार्य

मानव सभ्यता एवम मानव समाजको विकाससँगै विवादको सिर्जना भएको पाइन्छ । ती विवादहरु कुनै न कुनै प्रकारबाट समाधान पनि भई आएका छन । विवाद विनाको समाज गतिशील हुँदैन । विवाद समयमा नै समाधान गर्न सकिएन भने त्यसले विनाशकारी द्वन्द्व निम्त्याउन सक्दछ। विश्व इतिहासमा सबै देश, समुदाय एवं जातजातिहरुले प्राचिन कालदेखि नै कुनै न कुनै रुपबाट समुदायको संलग्नता र मेलमिलापको प्रयोगबाट विवाद समाधान गरेको पाईन्छ । विवादबिनाको समाज न पहिले थियो न आज छ न भोलि नै हुनेछ। त्यसैले समाजमा शान्ति सुव्यवस्था कायम गरी पारस्परिक सद्भाव कायम राख्न समाजमा उठेका विवाद समाजमा नै समाधान गरिनु पर्छ भन्ने सोच विश्व समुदायमा नौलो होइन ।

नेपालमा सङ्घीय व्यवस्थाको प्रारम्भ भए पश्चात सवैधानिक व्यवस्था अनुरुप सङघ, प्रदेश र स्थानीय सरकारको व्यवस्था गरी स्थानीय तहलाई व्यवस्थापकीय,कार्यपालिका र न्यायिक कार्य समेतको कार्य विभाजन भएको छ ।नेपालको संविधानले स्थानीय तहको न्यायिक समितिलाई स्थानीय प्रकृतिका केही विवादहरु निरुपण गर्ने अधिकार प्रदान गरेको छ । नेपालको वर्तमान संविधानको भाग १७, धारा २१७ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा व्यवस्था भए बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन गर्ने प्रावधान बमोजिम यस ठाकुरबाबा नगरपालिकामा पनि उपप्रमुख श्री विना कुमारी भट्टराईको संयोजकत्वमा श्री शुष्मा खड्का र तेजबन्दु लम्साल सदस्य रहेको तीन सदस्यीय न्यायिक समिति गठन भएको छ । भने सो कार्यलाइ सहजिकरण गर्न सबै वडाहरुमा तालिम प्राप्त मेलमिलापकर्ता रहनु भएको छ ।







## स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहको न्यायिक अधिकारहरु

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्थालाई केलाउदा न्यायिक समितिलाई २ प्रकारले न्याय निरुपण गर्ने अधिकार प्रदान गरेको छ

१. विवाद निरुपण गर्ने अधिकार

२. मेलमिलापको माध्यमबाट मात्रै विवादको निरुपण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ८ मा न्यायिक कार्य सम्बन्धी व्यवस्था गरिएको छ।

दफा ४६ र ४७ मा न्यायिक समितिको व्यवस्था र अधिकार क्षेत्र तोकिएको छ।


स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (१) अनुसार न्यायिक समितिलाई देयायका विवादहरुको निरुपण गर्ने अधिकार प्रदान गरेको छ।

* आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँट तथा उपयोग,
* अर्काको बाली नोक्सानी गरेको,
* चरन, घाँस, दाउरा
* ज्याला मजदुरी नदिएको,
* घरपालुवा पशुपन्छी हराएको वा पाएको,
* ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,
* नाबालक छोरा छोरी वा पति-पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको,
* वार्षिक पच्चिस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा
* अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,
* आफ्नो घर वा बलेँसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,
* सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुन बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,
* कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटा, बस्तुभाउ निकाल्ने निकास, बस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्याएको,
* सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेका अन्य विवाद ।

## न्यायिक समितिबाट सम्पादित न्यायिक निरुपणको विषय

| न्यायिक समितिबाट ३ आर्थिक वर्षमा न्यायिक कार्य | | | |
|---|---|---|---|
| आर्थिक वर्ष | विवाद दर्ता | फछ्र्यौट | तामेलीमा रहेको |
| २०७९/०८० | ९४ | ५८ | ३६ |
| २०८०/०८१ | ११७ | ९२ | २५ |
| २०८१/०८२ | ६५ | ५७ | ५ |
| **जम्मा** | **२७६** | **२०७** | **६६** |

सम्पादिक कार्यलाई स्तम्भ रेखामा यसरी प्रस्तुत गरिएको छ ।




## न्यायिक समितिबाट विभिन्न कार्यक्रमहरू सञ्चालन भएका छन् ।

### किशोरी आत्मरक्षा तालिम





## मनोपरामर्श तालिम





## खानेपानी

यस नगरपालिकाको शत प्रतिशत घर परिवारमा आधारभुत खानेपानीको पहुँच पुगेको भए पनि सुरक्षित खानेपानीमा २२०० घरधुरीको मात्र पहुँच पुगेको छ जुन करिव २२ प्रतिशत घरधुरी हो । यहँ कुल १३ खानेपानी योजनाहरू आवश्यक रहेका छन् जसमध्ये ६ योजना मार्फत खानेपानी सेवा सुचारु रहेको, ५ निर्माणधीन र २ प्रस्तावित रहेका छन् ।





# सांस्कृतिक डबली र प्रदेशको सहयोगमा प्रचार समाग्री बोर्ड





# १. पृष्ठभूमि

द्वन्द्वको समय र त्यस पश्चातको संक्रमणकालीन अवस्थामा विशेष गरी महिला र बालबालिकाहरु विभिन्न प्रकारका हिंसा, विभेद र जोखिममा परेका हुन्छन् भन्ने कुरा विश्वमा गरिएका अध्ययन र अनुभवहरुले पुष्टि गरिसकेको छ । महिला र बालिकामाथि हुने यस प्रकारका हिंसा, विभेद र जोखिम जस्ता विषयहरुलाई सम्बोधन गर्न तथा शान्ति निर्माणको प्रक्रियामा उनीहरुको सहभागिताको प्रवर्द्धन गर्न संयुक्त राष्ट्र संघ सुरक्षा परिषदबाट ३१ अक्टोबर सन् २००० मा प्रस्ताव नं १३२५ पारित गरिएको थियो। त्यसैगरी द्वन्द्व र त्यस पश्चातको संक्रमणकालीन अवस्थामा लैंङ्गिक तथा यौनजन्य हिंसाका घटनाहरुबाट प्रभावित महिला र बालिकाहरुको सुरक्षा र पीडितहरुको विशेष आवश्यकतालाई सम्बोधन गर्न दोस्रो प्रस्तावको रुपमा संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषदबाट १९ जुन २००८ मा प्रस्ताव नं १८२० पारित भएको थियो ।

नेपाल सरकारबाट प्रस्ताव नं १३२५ र प्रस्ताव नं. १८२० को पहिलो राष्ट्रिय कार्ययोजना (२०६७/६८-२०७१/७२) कार्यान्वयन भइसकेको छ । महिला, शान्ति र सुरक्षाको आधार स्तम्भको रूपमा रहेका यी प्रस्तावहरूका अतिरिक्त संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्बाट थप पूरक प्रस्ताव पनि पारित भएका छन् । सुरक्षा परिषद्बाट यस सम्बन्धी विषयमा पारित प्रस्तावहरु १८८८ (सन् २००९), १८८९ (२००९), १९६० (२०१०), २१०६ (२०१३), २१२२ (२०१३), २२४२ (२०१५), २४६७ (२०१९) र २४९३ (२०१९) लाई समेत मध्यनजर राखी प्रस्ताव नं १३२५ र १८२० लाई लक्षित गरी दोस्रो कार्ययोजना तयार गरी २०७९/०६/०७ गतेको निर्णयबाट स्वीकृत भई लागु भएको छ ।

यस कार्ययोजनाको लक्ष्य संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित महिला, शान्ति र सुरक्षा सम्बन्धी प्रस्ताव नं. सबै १३२५ र १८२० कार्यान्वयन गर्ने र द्वन्द्वबाट पीडित तथा प्रभावित महिला र बालिकाको विशेष तथा समष्टिगत आवश्यकतालाई महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना

(आ.व.२०७९/८०-२०८१/८२) मार्फत सम्बोधन गर्दै उनीहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चिता सहित आत्मसम्मानपूर्वक जीवनयापन गर्न सक्ने वातावरण सुनिश्चित गर्ने उद्देश्य रहेको छ । यसै सन्दर्भमा ठाकुरबाबा नगरपालिकाले दोश्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धमा नेपालमै पहिलो नगरपालिकाका रुपमा कामहरु अगाडि बढाएको छ । गृह मन्त्रालयबाट सबै स्थानीय तहमा कार्ययोजना कार्यान्वयनका लागि निर्देशन भएपनि समिति र आवश्यकता पहिचान उपसमिति गठन गर्नु बाहेकका अन्य विषयमा अन्यौलता थियो । यौनजन्य हिंसा अति संवेदनशील विषय भएकोले कसरी तथ्याङ्क सङ्कलन गर्ने, सङ्कलन गरिसकेपछि आवश्यकता सम्बोधन कसरी गर्ने ? भन्ने विषय अन्यौल नै थियो । तर पनि नगरपालिकाले द स्टोरी किचन र द्वन्द्वपीडित समिति बर्दियाको सहयोगमा विभिन्न चरणका अभिमुखीकरण कार्यक्रमसंगै आफैले आवश्यकता पहिचान फारम र आचारसंहिता समेत तयार गरी आवश्यकता पहिचान गर्ने काम र त्यसलाई सम्बोधन समबन्धी काम समेत अगाडि बढाइसकेको छ ।






## ३.६ बडघर ऐन निर्माण तथा बडघरलाई नियमित सञ्चार खर्च प्रदान

स्थानीय थारु समुदायमा प्रथाजनित अभ्यासको रुपमा रहेको बडघर प्रणालीलाई संस्थागत गर्ने र मौलिक परम्पराको संरक्षण गर्ने उद्देश्यले नगरपालिकाबाट बडघर ऐन जारी गरिएको छ । हाल

ठाकुरबाबा नगरपालिकाका ५८ वटा गाउँमा बडघर रहेका छन् भने, सबै वडामा, वडा बडघर र नगरमा नगरस्तरीय बडघर सञ्जाल समेत रहेको छ। समाजमा सूचना प्रवाह गर्ने, सामुदायिक कामहरुमा जनसहभागिता जुटाउने जस्ता महत्वपूर्ण कार्यमा सहयोग पुर्याउने भएको हुँदा सबै बडघरहरुलाई मासिक रुपमा रिचार्ज खर्च, परिचयपत्र पनि प्रदान गरिएको छ । प्रत्येक महिनामा सबै गाउँका बरघरहरु नगरपालिकाको कार्यालयमा मासिक रुपमा बैठक बस्ने गर्दछन् ।

## ३.७ लैङ्गिक तथा सामाजिक समावेशीकरण परिक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरेको छ । जसमा वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिक रुपमा पछाडि पारिएका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङख्यक, सिमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको छ । स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पछाडि पारिएका वर्गहरुको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था, योजना छनौटमा महिला, बालबालिका तथा पछाडि पारिएका वर्ग, क्षेत्र र समुदायको प्रत्यक्ष सहभागिताका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अडिट गरी कुन क्षेत्रमा नगरपालिकाले सुधार गर्नुपर्ने छ, त्यसलाई ध्यान दिएर योजना निर्माण गर्ने गरिएको छ । .




## ३.८ क्षमता विकास तथा सीपमूलक तालिम कार्यक्रम

राज्यको पुनर्संरचनासँगै महिलाहरुको समग्र विकासका लागि नीतिगत रुपमा व्यवस्था गरिएको छ । केही कार्यगत प्रयासहरु पनि भएका छन् तर पनि समग्रमा हेर्दा महिलाहरु सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक एवं आर्थिक रुपमा पछाडि परेका छन् । संविधानमा अनिवार्य व्यवस्था गरिएका पदहरुमा महिलाहरुको सहभागिता त भयो तर निर्णायक तहमा महिलाको सहभागिता एकदमै न्यून छ। निर्णायक तहमा नभएपनि राजनीतिमा अगाडि बढेका महिलाहरुको क्षमता विकास गर्दै नेतृत्व विकास गर्न नगरपालिकाबाट महिला जनप्रतिनिधिका लागि क्षमता विकास कार्यक्रमहरु (तालिम, अध्ययन भ्रमण, कार्यक्रम सञ्चालनको जिम्मेवारी) जस्ता गतिविधिहरु सञ्चालन गरिदैं आइएको छ । यसका साथै महिलाहरुलाई आत्मनिर्भर बनाउन विभिन्न सीममूलक तालिमहरु पनि सञ्चालन गरिँदै आइएको छ । हालसम्म सञ्चालन गरिएका तालिमहरुको विवरण तपसिल बमोजिम रहेको छ :-



## मकैको पोस्कर र थाकलको पातबाट टोपी र ब्याग बनाउने तालिम





## लक्षित वर्गका लागि निःशुल्क लोकसेवा तयारी कक्षा





## दलित समुदायको परम्परागत सीप प्रवर्द्धनका लागि सामग्री सहयोग






## रेशामा आधारित सामग्री बनाउने तालिम





## द्वन्द्व पीडित महिलालाई डिप फ्रिज सहितको आइसक्रिम ठेला सहयोग





## CEDAW र बेइजिङ्ग घोषणापत्रका प्रावधानका विषयमा अभिमुखीकरण





## महिलाहरुका लागि अचार बनाउने तालिम




## सालको पातबाट दुना टपरी बनाउने तालिम




# विपन्न समुदायका सुनौलो हजार दिनका महिलाहरुलाई पोषण सुधारका लागि बाख्रा तथा कुखुरा वितरण कार्यक्रम





# क्षमता विकास तथा सीपमूलक तालिम प्राप्त गर्नेहरुको विवरण

| क्र सं | तालिमको नाम | तालिम प्राप्त गर्नेको सङ्ख्या | | |
|---|---|---|---|---|
| | | ०७९।०८० | ०८०।०८१ | ०८१।०८२ |
| १ | लोकसेवा तयारी कक्षा | | ५३ | ५६ |
| २ | मकैको पोस्करबाट टोपी र ब्याग बनाउने तालिम | | ४० | |
| ३ | दलित समुदायको परम्परागत सीप प्रवर्द्धन गर्न सामाग्री सहयोग (सिलाई मेसिन, इन्टरलक मेसिन, आरन सेट, जुत्ता बनाउने साँचो) | | ९ | |
| ४ | रेसामा आधारित हस्तकलाका सामग्री बनाउने तालिम | | | २० |
| ५ | पञ्चेबाजा प्रशिक्षण तालिम | १५ जना | | २० जना |
| ६ | द्वन्द्वपीडित महिलालाई आईसक्रिम ठेला सहयोग | १ जना | | |
| ७ | द्वन्द्वपीडितलाई जीविकोपार्जन सहयोग | ६ जना | २० जना | १५ जना |
| ८ | महिला जनप्रतिनिधि तथा कर्मचारीका लागि सकारात्मक सोच सम्बन्धी तालिम | | ७३ जना | |

| | | | | |
|---|---|---|---|---|
| ९ | बेइजिङ्ग सम्मेलन र सिडले औंल्याएका प्रावधानबारे अभिमुखीकरण कार्यक्रम | | | ५० |
| १० | पर्यटन व्यवसायी महिलाका लागि अचार बनाउने तालिम | | | ३० |
| ११ | दुना टपरी बनाउने तालिम र २ थान मेसिन सहयोग | | १ जना, मेसिन १ थान | १५ जना, मेसिन समूहमा १ थान |
| १२ | विपन्न समुदायका सुनौलो हजार दिनका महिलालाई पोषण सुधारका लागि रु २५ हजार बराबरको आयआर्जन सहयोग | २५ जना | | २५ जना |
| १३ | मनोपरामर्श सम्बन्धी तालिम | ३० जना किशोर किशोरी | | |

## लैङ्गिक हिंसा न्यूनीकरण तथा हानीकारक प्रथाविरुद्ध सामाजिक सचेतना कार्यक्रम

समाजमा व्याप्त अन्धविश्वास, कुरीति तथा महिलाहरुलाई दोश्रो दर्जाका नागरिक ठान्ने सोचले गर्दा कार्यस्थल होस या विद्यालय, घरपरिवार होस या सार्वजनिक स्थान कहीँ न कहीँ महिलाहरु , बालिकाहरु र ज्येष्ठ नागरिकहरु दुर्व्यवहारको शिकार बन्नु परेको अवस्था छ भने अर्कोतिर एकल परिवारका कारण छोराछोरीलाई प्रयाप्त समय दिन नसक्दा दुर्व्यसनी जस्ता लतमा फस्ने, सानै उमेरमा बालविवाह गर्ने, सामाजिक मूल्य मान्यता विपरितका आचरणहरु गर्ने समस्या बढ्न नदिन ठाकुरबाबा नगरपालिका बाट समय समयमा कार्यालय तथा हरेक टोल बस्तीमा गई सचेतनामूलक कार्यक्रम सञ्चालन गरिँदै आएको छ । विभिन्न दिवसहरुका अवसर पारेर प्रहरी तथा संघसंस्थासँगको साझेदारीमा गरिएका यस्ता कार्यक्रमले समुदायमा हिंसाबाट पीडित भएकाहरुले कसरी न्याय प्राप्त गर्ने, कानुन विपरित काम गर्दा हुने दण्ड सजायका बारेमा वडा तथा टोल स्तरमा गएर नियमित सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिँदै आइएको छ ।

# कार्यस्थलमा हुने यौनजन्य हिंसा सम्बन्धी सचेतना कार्यक्रम





| क सं | तालिमको नाम | तालिम प्राप्त गर्नेको सङ्ख्या | | |
|---|---|---|---|---|
| | | ०७९।०८० | ०८०।०८१ | ०८१।०८२ |
| १ | कार्यस्थलमा हुने यौनजन्य हिंसा सम्बन्धी सचेतना कार्यक्रम | ५२ | | |
| २ | साईबर अपराध, लागूपदार्थ दुर्व्यसनी, छुवाछुत, छाउपडी, बालविवाह, बहुविवाह, दाइजो प्रथा लगायत सामाजिक समस्या र कुरीति विरुद्धको सचेतना | | १ पटक<br>४० जना | ९ पटक<br>६६७ जना |
| ३ | लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम | १० पटक<br>६०० जना | ४ पटक<br>२६५ जना | २ वटा विद्यालयका कक्षा ६ देखि १० सम्मका बालबालिका |
| ४ | प्रहरीसँगको साझेदारीमा बाल विवाह, साईवर अपराध तथा लागूपदार्थ दुर्व्यसनी सम्बन्धी सचेतना कार्यक्रम तथा दुर्व्यसनी परीक्षण कार्यक्रम | | ५ वटा विद्यालय<br>५० जना बालबालिकामा दुर्व्यसनी परीक्षण | ११ वटा विद्यालय सचेतना ६१२<br>दुर्व्यसनी परीक्षण २२८ जना |

## ३.९ अपाङ्ग परिचयपत्र तथा सहायक सामाग्री वितरण

शरीरका अङ्गहरु र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, आर्थिक कुनैपनि गतिविधिमा संलग्न हुन नसकी पूर्ण या आंशिक रुपमा अरुको सहारामा जीवनयापन गर्नुपर्नेहरुका लागि सरकारले सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । अपाङ्गता भनेको कुनै पनि अवस्थाको अनुभव हो जसले व्यक्तिलाई निश्चित गतिविधिहरु गर्न वा दिइएको समाजभित्र समान पहुँच प्राप्त गर्न गाह्रो बनाउँछ र अपाङ्गता, संज्ञानात्मक, विकासात्मक, बौद्धिक, मानसिक, शारीरिक वा धेरै कारकहरुको संयोजन हुन सक्छ । अपाङ्गता जन्मदेखि नै हुन सक्छ वा व्यक्तिको जीवनकालमा कुनै बेला पनि हुन सक्छ । त्यसैले अपाङ्गता भएका व्यक्तिहरुको जीवनलाई केही सरल बनाउन नगरपालिकाबाट नियमित रुपमा अपाङ्गता परिचयपत्र वितरण शिविर, सहायक सामग्री वितरण, अपाङ्गमैत्री संरचना निर्माण, अपाङ्गता स्याहार सीप सम्बन्धी तालिम र अपाङ्गता भएका व्यक्तिका लागि सुरक्षित आवास निर्माणमा दोब्बर अनुदान दिने जस्ता कार्यक्रम सञ्चालन गरिँदै आइएको छ ।

### हालसम्म नगरपालिकाबाट परिचयपत्र र सहायक सामाग्रीहरू प्राप्त गर्नेहरुको विवरण

| अपाङ्गताको प्रकार र परिचयपत्र प्राप्त गर्नेको सङ्ख्या | | | | सहायक सामाग्री वितरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पूर्ण अशक्त अपाङ्गता | अति अशक्त अपाङ्गता | मध्यम अपाङ्गता | सामान्य अपाङ्गता | ह्विल चियर | बैशाखी | सेतो छडी | एअर मेट्रेस | कृतिम हातखुट्टा लगाउने |
| १७४ | ४१७ | २३९ | ७७ | ३० | १३ जोडी | २ थान | ५ थान | ३ जना हात ५जना खुट्टा |

## अपाङ्गता परिचय-पत्र वितरण





## शारीरिक अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्रीका लागि नापजाँच तथा सहायक सामाग्री वितरण





## शारीरिक अपाङ्गता भएका बालबालिकाको पहिचान तथा उपचारका लागि अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपासँगको साझेदारीमा स्क्रिनिङ्ग शिविर सञ्चालन



## ३.९.१ अपाङ्गता भएका व्यक्तिका लागि सुरक्षित आवास निर्माणमा थप अनुदान सहयोग



अरुको सहारामा जीवनयापन गर्नुपर्ने अपाङ्गता भएको परिवारमा काम गर्ने जनशक्ति नहुने, काम गर्न सक्ने जनशक्ति पनि अपाङ्ग भएका व्यक्तिको स्याहारका लागि बाहिर कमाई गर्न जान नसक्ने हुँदा परिवारमा आम्दानीको कुनै श्रोत नभएकाहरुका लागि दैनिक जीवनयापन एकदमै कठिन देखिन्छ । अपाङ्गता भएकाहरुको घरहरुमा पुग्ने क्रममा अधिकांशको सुरक्षित घर पनि नभएको र बनाउन पनि नसक्ने अवस्था देखेर ठाकुरबाबा नगरपालिकाबाट गत वर्षदेखि सुरक्षित घर निर्माणमा एक वडा एक अपाङ्गको सुरक्षित घर निर्माण कार्यक्रम शुरु गरिएको छ र सुरक्षित घर निर्माणमा अन्यलाई १ लाख ५० हजार अनुदान र अपाङ्गका लागि ३ लाख ५० हजार अनुदान उपलब्ध गराइएको छ । हालसम्म १५ जना अपाङ्गको सुरक्षित घर निर्माण भइसकेको छ ।



### क) व्यक्तिगत घटना दर्ता विवरण

राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्तिको कानुनी पहिचान तथा राज्यबाट प्राप्त हुने विभिन्न सेवा, सुविधा प्राप्तिका लागि प्रत्येक व्यक्तिको व्यक्तिगत घटनाको (जन्म, मृत्यु, विवाह, सम्बन्ध

बिच्छेद, बसाइँसराई, धर्मपुत्र, धर्मपुत्री) प्रमाणपत्र जारी गर्ने र व्यवस्थित अभिलेख राख्ने लगायतका समग्र क्रियाकलापलाई व्यक्तिगत घटना दर्ता (**Vital Registration**) व्यवस्थापन भनिन्छ। यसलाई विभिन्न मुलुकमा विभिन्न नामले चिनिन्छ। कुनै देशमा यसलाई नागरिक पञ्जीकरण (**Civil Registration**) भनिन्छ भने कुनै देशले सामाजिक पञ्जीकरण (**Social Registration**) नाम दिएको पाइन्छ । जे नाम दिए पनि व्यक्तिगत घटना दर्ता व्यवस्थापनले मूलतः निम्न २ वटा कुरालाई समेटेको पाइन्छ: (१) जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाइँसराइ व्यक्तिगत घटनाहरूको दर्ता र अभिलेख व्यवस्थापन,

## (ख) घटना प्रमाणीकरण र प्रमाणपत्र जारी गर्ने

नागरिकको जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँसराइ जस्ता व्यक्तिगत घटनाहरू दर्ता गर्न नेपालमा सर्वप्रथम जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ र सो सम्बन्धी नियमावली २०३४ बमोजिम व्यवस्थित हुँदै आएकोमा हाल सो सम्बन्धी कार्य राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ बमोजिम भईरहेको छ। क्षेत्रीय स्तरमा संयुक्त राष्ट्र संघको एसिया तथा प्रशान्त क्षेत्रको आर्थिक तथा सामाजिक क्षेत्र हेर्ने निकाय **Economic and Social Commission for Asia and the Pacific (UNESCAP)** को सन् २०१४ मा सम्पन्न मन्त्रीस्तरीय बैठकले सन् २०१५ देखि २०२४ सम्मको दशकलाई एसिया प्रशान्त क्षेत्रमा व्यक्तिगत घटना दर्ताको दशकको रूपमा मनाउने र दशकको अन्त्य सम्ममा सम्पूर्ण व्यक्तिगत घटना दर्ताको दरमा उल्लेख्य रूपमा वृद्धि गर्दै जन्म र मृत्युदर्तालाई शतप्रतिशत पुर्याउने लक्ष्य निर्धारण गरेको थियो । सोही लक्ष्य पूरा गर्ने कार्यमा नेपाल बढिरहेको छ । आ.व. २०७६।७७ देखि **VERSP-MIS** प्रणालीबाट अनलाईनमा आधारित भई घटना दर्ता भईरहेको छ । जसलाई देहाय बमोजिम प्रस्तुत गरिन्छ ।

## क) आ.व २०७९।८० मा दर्ता भएका व्यक्तिगत घटना दर्ताको विवरण

## व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरुष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | जम्मा |
| १ | २४८ | २३५ | | ४८३ | ७८ | ४६ | | १२४ | ११ | २२५ | १६८ | ५७५ | ३६ | ११० | | १०४७ |
| २ | २४० | २०५ | | ४४५ | ६३ | ६७ | | १३० | ११ | २११ | ८८ | २८० | ५३ | १७४ | | ९३८ |
| ३ | २९९ | २६२ | | ५६१ | ७४ | ७० | | १४४ | ११ | २६२ | ८६ | ३०४ | ७५ | १८१ | | ११३९ |
| ४ | २३२ | १९९ | | ४३१ | ६० | ६० | | १२० | ४ | २०५ | ६१ | २०७ | ५२ | १४८ | | ८७३ |
| ५ | २०५ | १९२ | | ३९७ | ६० | ७३ | | १३३ | ८ | २१७ | ११९ | ३४४ | ४० | १२० | | ९१४ |
| ६ | २२९ | १९६ | | ४२५ | ५५ | ५६ | | १११ | १२ | १७७ | २९ | १०२ | ८३ | ३१४ | | ८३७ |
| ७ | १५७ | १३३ | | २९० | ४६ | ४४ | | ९० | १ | १४४ | ३७ | ११७ | २९ | ९० | | ५९१ |
| ८ | २२३ | १६१ | | ३८४ | ५८ | ४९ | | १०७ | ५ | १७२ | ५४ | १७६ | ४० | १२४ | | ७६२ |
| ९ | २८३ | २१८ | | ५०१ | ६२ | ६० | | १२२ | ७ | २०४ | ५१ | १५१ | ३२ | ९४ | | ९१७ |
| **जम्मा** | २११६ | १८०१ | ० | ३९१७ | ५५६ | ५२५ | ० | १०८१ | ७० | १८१७ | ६९३ | २२५६ | ४४० | १३५५ | ० | ८०१८ |

# ख) आ.व २०८०।८१ मा दर्ता भएका व्यक्तिगत घटना दर्ताको विवरण

जिल्ला : बर्दिया न.पा. : ठाकुरबाबा दर्ता मिति देखि :२०८०-०४-०१ दर्ता मिति सम्म : २०८१-०३-३०

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरुष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्याको संख्या | दर्ता संख्या | सदस्याको संख्या | |
| १ | ६६ | ६० | | १२६ | २२ | २१ | | ४३ | ५ | ६४ | २३ | ७७ | ९ | ३४ | २७० |
| २ | ७० | ६२ | | १३२ | २५ | १८ | | ४३ | ७ | ६१ | २१ | ७९ | १४ | ३४ | २७८ |
| ३ | ७९ | ८२ | | १६१ | २९ | १७ | | ४६ | ४ | ५८ | २३ | ८७ | ९ | २४ | ३०१ |
| ४ | ५४ | ४७ | | १०१ | १८ | ८ | | २६ | ४ | ५६ | २१ | ७४ | ४ | १७ | २१२ |
| ५ | ६१ | ५८ | | ११९ | २४ | १५ | | ३९ | ४ | ४९ | १६ | ५९ | ९ | १९ | २३६ |
| ६ | ५३ | ४३ | | ९६ | १६ | १५ | | ३१ | ५ | ४९ | ९ | २३ | १० | ३४ | २०० |
| ७ | २९ | ३३ | | ६२ | १३ | ७ | | २० | १ | ४४ | १३ | ३० | ९ | १८ | १४९ |
| ८ | ४६ | ४७ | | ९३ | १२ | १५ | | २७ | २ | ३६ | १४ | ४४ | ३ | ४ | १७५ |
| ९ | ४९ | ५३ | | १०२ | १९ | २० | | ३९ | | ३७ | ८ | २७ | २ | ५ | १८८ |
| जम्मा | ५०७ | ४८५ | ० | ९९२ | १७८ | १३६ | ० | ३१४ | ३२ | ४५४ | १४८ | ५०० | ६९ | १८९ | |

### ग) आ.व २०८१।८२ मा दर्ता भएका व्यक्तिगत घटना दर्ताको विवरण

जिल्ला : बर्दिया न.पा.: ठाकुरबाबा दर्ता मिति देखि : २०८१-०४-०१ दर्ता मिति सम्म : २०८१-१२-३०

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | ४० | २५ | | ६५ | ११ | १४ | | २५ | ३ | ४६ | २६ | ६३ | ५ | १५ | १७० |
| २ | ५० | ३९ | | ८९ | ३१ | १६ | | ४७ | ६ | ५९ | १९ | ५३ | १३ | ३३ | २३३ |
| ३ | ६४ | ४३ | | १०७ | २४ | १५ | | ३९ | २ | ५३ | २१ | ५८ | १० | २२ | २३२ |
| ४ | ३४ | २७ | | ६१ | १२ | ११ | | २३ | ३ | ४० | १४ | ४७ | ४ | ११ | १४५ |
| ५ | ४० | २८ | | ६८ | १७ | १२ | | २९ | ३ | ३४ | २१ | ५९ | ३ | ७ | १५८ |
| ६ | २८ | २९ | | ५७ | १३ | ७ | | २० | ६ | ३१ | ३ | १३ | १० | २७ | १२७ |
| ७ | ३५ | २४ | | ५९ | १० | ११ | | २१ | २ | ३२ | ११ | २० | ७ | १८ | १३२ |
| ८ | ३० | १९ | | ४९ | ११ | १० | | २१ | ६ | २५ | ५ | १६ | ६ | १८ | ११२ |
| ९ | ३६ | १७ | | ५३ | ११ | ९ | | २० | ४ | २८ | ९ | २९ | ६ | २० | १२० |
| जम्मा | ३५७ | २५१ | ० | ६०८ | १४० | १०५ | ० | २४५ | ३५ | ३४८ | १२९ | ३५८ | ६४ | १७१ | १४२९ |

## २) सामाजिक सुरक्षा भत्ता

निश्चित उमेर समूहका ज्येष्ठ नागरिक, एकल महिला, आर्थिक रुपले विपन्न, अशक्त र असहाय, अपाङ्गता भएका, व्यक्ति बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको जीवनयापनमा आइपर्ने सम्भावित जोखिम न्यूनीकरण गर्न तथा उपभोगमा सहयोग पुर्याउने उद्देश्यले नेपाल सरकारबाट सञ्चालित गैर योगदानमूलक कार्यक्रम नै सामाजिक सुरक्षा कार्यक्रम हो । यस नगरपालिकाले आ.व २०७९।८० देखि हालसम्म देहाय बमोजिमको सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिन्छ ।

### क) आ.व २०७९।८० मा वितरण गरेको सामाजिक सुरक्षा भत्ताको विवरण

जिल्ला : बर्दिया गा.पा/न.पा.: ठाकुरबाबा आर्थिक वर्ष : २०७९/८०

| | पहिलो त्रैमासिक | | | | दोस्रो त्रैमासिक | | | | तेस्रो त्रैमासिक | | | | चौंथो त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | २२१९ | २५२०८३९५ | २१९८ | २४९८५१६२ | २२३९ | २६६१२३५७ | १४३२ | १६९९९५७० | २२३९ | २६६०८७७८ | १९७० | २३४६०६२७ | २२८१ | २७९२४५८८ | २२६९ | २६९६६४५६ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १३८ | १०७९९६० | १३५ | १०६१३४० | १४१ | ११२२५२० | ११५ | ११०६९५ | १४४ | ११२७८४० | १३४ | १०४८०४० | १३९ | १०९८५८० | १३९ | १०९८५८० |
| जेष्ठ नागरिक एकल महिला | ३३९ | २६९७२४० | ३३७ | २६८१२८० | ३३९ | २६८१२८० | २४३ | ११२०५२० | ३३२ | २६२९९१६ | २९९ | २३६७९६८ | ३१७ | २५९६३६० | ३१७ | २५०९६२२ |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विधवा | ६४५ | ५९०१८८० | ६४० | ५०६७३०० | ६६१ | ५२११०२९ | ४४७ | ३५३४३४३ | ६७६ | ५३३५९६० | ५९२ | ४६८६९२० | ६७९ | ५३५९१०० | ६७७ | ५३४३९४० |
| पूर्ण अपाङ्गता भत्ता | ११९ | १४१२७२६ | ११९ | १४१०३३२ | १२२ | १४५६६१६ | ७६ | ९०५९९६ | १२४ | १४७६३०० | १०७ | १२७९२१४ | १२६ | १४६८७९५ | १२३ | १४४६९२१ |
| अति अशक्त अपाङ्गता भत्ता | २९९ | १८२३६९६ | २९७ | १८१३४११ | ३०८ | १९२८७४८ | २०६ | १२९५९५२ | ३१६ | १९८३२९६ | २८४ | १७८३२६४ | ३२२ | २०४३५६६ | ३१८ | २०२०१५८ |
| क्षेत्र तोकिएका बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लोपन्मूख बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| दलित बालबालिका | २५७ | ३८०६८८ | २४८ | ३७२१७६ | २७३ | ४१६९३५ | १९१ | २९२५९८ | २८९ | ४३९६९७ | २३६ | ३५५८१८ | ३०४ | ४६४२९९ | २९४ | ४४९९३५ |
| लोपन्मुख जाति | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ४०१६ | ३७७०४५८५ | ३९७४ | ३७३११६०१ | ४०८३ | ३९४२९४८५ | २७९० | २५८५९५९४ | ४१२० | ३९६०१८४७ | ३६२२ | ३४९७३०५९ | ४१६८ | ४००७६००८ | ४१३७ | ३९८३५६१२ |

## ख) आ.व २०८०।८१ मा वितरण गरेको सामाजिक सुरक्षा भत्ताको विवरण

जिल्ला: वर्दिया गा.पा/न.पा.: ठाकुरबाबा आर्थिक वर्ष: २०८०/८१

| | पहिलो चैमासिक | | | | दोस्रो चैमासिक | | | | तेस्रो चैमासिक | | | | चौथो चैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | २२५८ | २७०६९९३३ | २२५६ | २६९९३८०४ | २२९९ | २७७०११७० | २२९९ | २७७०११७० | २३१३ | २६६०२८१२ | २३१० | २७७९९२२६ | २३७७ | २८१२२२२९ | २३६८ | २८१०८१९७ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १४४ | १११९८८० | १४१ | ११११८८० | १४४ | ११२७८४० | १४४ | ११२७८४० | १५१ | ११७७०६० | १५१ | ११७७०६० | १५६ | ११९७७०० | १५६ | ११९६९०० |
| जेष्ठ नागरिक एकल महिला | ३०६ | २४२५९२० | ३०५ | २४१७९४० | ३११ | २४६७१२० | ३११ | २४६७१२० | ३१६ | २५१६३६० | ३१६ | २५१६३६० | ३०६ | २४३३९०० | ३०६ | २४३३९०० |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विधवा | ६८२ | ५३९८७३६ | ६८१ | ५३९०७७६ | ६९८ | ५५२५८२० | ६९८ | ५५२५८२० | ७०२ | ५५६२१७० | ७०२ | ५५६२१७० | ७२० | ५६९१७६० | ७२० | ५६९१७६० |
| पूर्ण अपाङ्गता भत्ता | १२८ | १५१०८८० | १२८ | १५१०८८० | १२८ | १५२८१७० | १२८ | १५२८१७० | १३० | १५५६१०० | १३० | १५५६१०० | १३२ | १५७२०६० | १३२ | १५७२०६० |
| अति अशक्त अपाङ्गता भत्ता | ३०२ | १९१५२०० | ३०१ | १९०८३९१ | ३१४ | १९९३९३६ | ३१४ | १९९३९३६ | ३२० | २०४०७५२ | ३२० | २०४०७५२ | ३३१ | २०९८२०८ | ३३१ | २०९८२०८ |
| क्षेत्र तोकिएका बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लोपोन्मुख बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| दलित बालबालिका | ३०० | ४५५४१७ | २९२ | ४४६१४१ | ३०१ | ४५८५०८ | ३०१ | ४५८५०८ | ३११ | ४७४६६१ | ३११ | ४७४६६१ | ३२१ | ४८९८७३ | ३२१ | ४८९८७३ |
| लोपोन्मुख जाति | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ४१३७ | ३९८८८२६६ | ४१२४ | ३९७७९७९२ | ४१९५ | ४०५९३५६४ | ४१९५ | ४०५९३५६४ | ४२४३ | ४०९३९४४५ | ४२४० | ४०९३५८५९ | ४३२९ | ४१९६५५३० | ४३२४ | ४१५५७३९८ |

## ग) आ.व २०८१।८२ मा वितरण गरेको सामाजिक सुरक्षा भत्ताको विवरण



# ३) राष्ट्रिय परिचयपत्रः-

जिल्लाः बर्दिया गा.पा/न.पा.: ठाकुरबाबा आर्थिक वर्ष: २०८१/८२

| | पहिलो त्रैमासिक | | | | दोस्रो त्रैमासिक | | | | तेस्रो त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | २३५९ | २७९८७९०० | २३५९ | २७९८७९०० | २३८४ | २८४३६२१३ | २३८४ | २८४३६२१३ | २४०० | २८५९६६९२ | २३९५ | २८५७९३५९ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १५० | ११८९०२० | १५० | ११८९०२० | १५२ | ११९९६६० | १५२ | ११९९६६० | १५६ | १२२६२६० | १५६ | १२२६२६० |
| जेष्ठ नागरिक एकल महिला | २८७ | २२८७६०० | २८७ | २२८७६०० | २७७ | २२१०४६० | २७७ | २२१०४६० | २७२ | २१७०५६० | २७२ | २१७०५६० |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विधवा | ७३४ | ५९९३४८० | ७३४ | ५९९३४८० | ७७८ | ५९२३८२० | ७७८ | ५९२३८२० | ७७५ | ६१२०६६० | ७७४ | ६११२६८० |
| पूर्ण अपाङ्गता भत्ता | १३१ | १५६८०७० | १३० | १५५६१०० | १३१ | १५४९५८३ | १३१ | १५४९५८३ | १३१ | १५६८०७० | १३१ | १५६८०७० |
| अति अशक्त अपाङ्गता भत्ता | ३३४ | २१२८००० | ३३३ | २१२१६१६ | ३३५ | २१३२५४० | ३३४ | २१३२२५६ | ३३७ | २१५१४०८ | ३३७ | २१५१४०८ |
| दलित बालबालिका | २९८ | ४६३२३१ | २९८ | ४६३२३१ | ३१० | ४७९५९१ | ३१० | ४७९५९१ | ३०७ | ४७४५५२ | ३०७ | ४७४५५२ |
| लोपन्मुख जाति | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ४२८३ | ४१५१७०१ | ४२८१ | ४१३९८९५७ | ४३३८ | ४१९३५८५७ | ४३३६ | ४१९३१५८३ | ४३७८ | ४२३०७२०२ | ४३७२ | ४२२७३८८९ |

प्रथम त्रैमासिक सामाजिक सरक्षा भत्ता वितरणमां सहजीकरण र स्वास्थ्य परीक्षण समेत हुँदै गर्दाका केहि तस्विर




राज्यबाट प्रदान गरिने सेवालाइ सरल तथा सहज बनाइ सोको नियन्त्रण एवं अनुगमन समेत प्रभावकारी बनाउने उद्देश्यले तयार गरिएको नागरिकहरूको वैयक्तिक तथा जैविक विवरण प्रविष्टित पृथक नम्बर सहितको बहुउपयोगी स्मार्ट कार्ड नै राष्ट्रिय परिचयपत्र हो । नेपालको संविधानमा उल्लिखित व्यवस्था, नीति तथा कार्यक्रम लगायत आ.व.२०७०/७१ को बजेट वक्तव्य, तेह्रौं योजना (२०७०/७१-२०७२/०७३) मा समेत पृथक नम्बर सहित बहुउपयोगी बायोमेट्रिक स्मार्ट कार्डको रूपमा राष्ट्रिय परिचयपत्र वितरण गर्ने अवधारणा ल्याइएको थियो । सोही योजना बमोजिम यस नगरपालिकाले अफलाईन मोडमा आ.व. २०७९।८० मा देहाय बमोजिमका व्यक्तिहरुको राष्ट्रिय परिचयपत्र बनाईएको थियो ।

## अफलाईनमा आधारित भई वडागत अभियान मार्फत सङ्कलित डाटाको विवरण

| वडा नं | सङ्कलित भएका राष्ट्रिय परिचपत्र नं |
|---|---|
| १ | २७३५ |
| २ | ३४७८ |
| ३ | ३१९६ |
| ४ | २१५९ |
| ५ | २४५२ |
| ६ | १६८५ |
| ७ | १९०८ |
| ८ | २०५४ |
| ९ | २५१५ |
| जम्मा सङ्कलित विवरण | **२२१८२** |

आ.व. २०८१/८२ मा सामाजिक सुरक्षा भत्ता नवीकरण गर्दा राष्ट्रिय परिचयपत्र नं अनिवार्य गरिसके पश्चात नागरिकलाई सो कामका लागि गुलरिया जान नपरोस भनी पहिला आफैले पहलकदमी गरी नगरपालिकामा नै मिति २०८१/०३/२४ गते देखि २०८१/०७/०५ गतेसम्म अनलाईनमा आधारित राष्ट्रिय परिचयपत्र शिविर सञ्चालन गरेको थियो । जसमा देहाय बमोजिमका लाभग्राहीहरुले सेवा लिनु भएको थियो ।

## राष्ट्रिय परिचयपत्र शिविरमा सङ्कलित विवरण

| Date | Male | Female | Total | Number check | In Progress | Not Found | Total |
|---|---|---|---|---|---|---|---|
| 2081-03-24 To 2081-03-31 | 106 | 144 | 250 | 233 | 25 | 17 | **275** |
| 2081-04-01 To 2081-04-32 | 570 | 695 | 1,262 | 3,319 | 40 | 47 | **3,406** |
| 2081-05-01 To 2081-05-31 | 386 | 411 | 796 | 719 | 71 | 66 | **856** |
| 2081-06-01 To 2081-06-30 | 133 | 121 | 254 | 269 | 11 | 7 | **287** |
| **TOTAL** | **1195** | **1371** | **2566** | **4535** | **147** | **137** | **4824** |

अति अशक्त, अपाङ्गता र ९०+ का लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता नवीकरण घर-दैलो अभियानका केहि तस्विरहरु




# २ कृषि

ठाकुरबाबा नगरपालिकाको आर्थिक समृद्धिको प्रमुख आधार भनेको कृषि हो । कृषि क्षेत्रको सुधार गर्ने उद्देश्यले नगरपालिकाले “समुन्त ठाकुरबाबा : सबल नगरवासी” बनाउने ध्येयका साथ ठाकुरबाबा नगरपालिकाको आर्थिक विकासको सम्भावना बोकेका क्षेत्रहरुको विकास, व्यवसायिक उत्पादन र बजारीकरणका लागि नगरपालिकाले नियमित रुपमा कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । आ.व. २०७९/०८० बाटै “कृषिमा लहर : समृद्ध नगर” भन्ने मूल नाराका साथ विभिन्न कार्यक्रमहरु अगाडि सारेको थियो । व्यवसायिक उत्पादनका लागि प्रोत्साहन गर्न नमूना खेती गरेर सिकाउने कार्यका साथै कृषि उपज भण्डारका लागि शित भण्डार निर्माण कार्य अगाडि बढाइएको छ । छोटो समय भण्डारका लागि कोल्ड रुम निर्माण गरिएको छ भने कृषकहरुले उत्पादन गरेका वस्तुको उचित मूल्य प्राप्तिका लागि कृषि उपजको समर्थन मूल्य तोकी खरिदका लागि बिउपूँजी उपलब्ध गराइएको छ । यसका साथै बीउ धान उत्पादन गर्ने कृषकलाई उत्पादनमा आधारित अनुदान, एक वडा एक नमूना कृषक,

## २.२ कृषि उपज समर्थन मूल्य निर्धारण र खरिदको व्यवस्था

कृषि उत्पादनको उचित मूल्य कृषकहरुले प्राप्त गरुन् भन्ने उद्देश्यले नगरपालिकाबाट खाद्यान्न तथा दलहन, तेलहन, स्थानीय थारु आलु लगायतका कृषि उपजहरुको न्यूनतम समर्थन मूल्य तोकी  सहकारी मार्फत खरिद बिक्री कार्य शुरु गरिएको छ । कृषि उपज खरिदका लागि नगरपालिकाबाट सहकारीलाई बिउ पुँजीका लागि रकम उपलब्ध गराइएको छ । कृषि उपज खरिद कार्यका लागि समर्थन मूल्य तोकेर खरिद कार्य शुरु गरेपछि कृषकहरुले झण्डै दोब्बर मूल्य प्राप्त गर्न सफल भएका छन् ।




### सहकारी मार्फत खरिद गरिएको कृषि उपज खरिदको विवरण (केजिमा)

| क सं | सङ्कलित बिउ | ०७९।०८० केजि | ०८०।०८१ केजि | ०८१।०८२ केजि |
|---|---|---|---|---|
| १ | धान | ० | ६८२६२ | ८५१९३ |
| २ | गहु | ० | ५५०० | ६८१८ |
| ३ | तोरी | ० | ११९९३ | १७६७९ |
| ४ | मसुरो | ० | ४१६७ | १३८१ |
| ५ | मकै | ० | २९८४३ | १७७९८ |

## कृषि विकासका लागि सञ्चालित कार्यक्रमहरु

| क सं | कार्यक्रमको नाम | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ |
| १ | कृषक समूह<br>जम्मा आवद्ध कृषक | १७०<br>४९६५ | १५५<br>३९६८ | १३८<br>२९३७ |
| २ | एक घर एक कार्यक्रम | १८० | १८० | १८० |
| ३ | | २ | २ | २ |
| ४ | क्षमता विकास तालिम | ९० | ६० | ३० |
| ५ | कृषक पाठशाला | १२० | ३६० | १८० |
| ६ | तथा कृषि यन्त्र<br>मोटर<br>डिप | <br>१९ जना<br>४५ जना | <br>९८ जना<br>३५ जना | |
| ७ | मिनी टेलर | १२ वटा पकेटमा | ० | २६९ वटा |

## २.५ मसिनो तथा बासनादार धानको बिउ उत्पादन

कृषकहरुको उत्पादन वृद्धिका लागि सबैभन्दा बढी महत्वपूर्ण भूमिका खेल्ने गुणस्तरीय बिउ नै हो । बिउ राम्रो भए मात्र पनि उत्पादनमा दोब्बर वृद्धि हुन सक्ने तथ्याङ्कहरु रहेका छन् । ठाकुरबाबा नगरपालिकाबाट धानको बिउमा आत्म निर्भर बनी बाह्य निकासी गर्न सक्ने क्षमताको विकास गर्न मसिनो तथा बासनादार धान उत्पादन गर्ने कृषकहरुलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराउँदै आइएको छ । कृषकहरुले कृषि अनुसन्धान कार्यालय खजुराको प्रत्यक्ष निगरानीमा बिउ उत्पादन गर्नुपर्ने र उत्पादित बिउ तोकिएको मापदण्ड पूरा गरी सहकारीमा उपलब्ध गराएपछि प्रति क्विन्टल रु ४०० का दरले किसानलाई अनुदान उपलब्ध गराउँदै आइएको छ । हाल यस नगरपालिकामा सिंहवाहिनी शिवशक्ति सहकारी संस्था र हिमालय सहकारी संस्थाहरुले बिउ धान खरिद र बिक्री वितरण गर्दै आइरहेका छन् ।





## २.६ रैथाने बाली प्रवर्द्धन कार्यक्रम

स्थानीय रैथाने उत्पादनहरुको संरक्षण गरी बाह्य बिउमा बढ्दै गइरहेको परनिर्भरता हटाउन नगरपालिकाबाट रैथाने बिउ संरक्षण कार्यक्रमहरु अगाडि बढाइएको छ । रैथाने सिमी, थारु आलु, लसुन, धनिया, कालानमक धान लगायतका वस्तुहरुको संरक्षण र प्रवर्द्धन गर्न नगरपालिकाबाटै नमुना खेती प्रदर्शनी, रैथाने कृषक समूह बनाई उत्पादनका लागि प्रोत्साहन तथा अनुदान समेत प्रदान गरिदै आइएको छ । यस वर्ष २ वटा सहकारी संस्थाहरुले नगरपालिकाको सहयोगमा रैथाने बीउहरु सङ्कल्न गरी सामुदायिक बिउ बैङ्क निर्माण कार्य शुरु गरेका छन ।







बर्दिया जिल्लामा **KOICA** द्वारा सञ्चालित समावेशी ग्रामीण विकास परियोजना मार्फत ठाकुरबाबा नगरपालिकामा सञ्चालन गरिने योजनाहरुको कार्ययोजना निर्माणका लागि सम्बन्धीत सरोकारवालाहरुसँग छलफल गरिएको छ । परियोजनाका प्रतिनिधिहरुको उपस्थितिमा छलफलबाट नगरपालिकामा कम्पोस्ट मल उद्योग निर्माण, खाद्य प्रशोधन तथा बजारीकरण र कृषिमा आधारित पर्यापर्यटन सम्बन्धी कार्यक्रम गर्ने गरी कार्ययोजना तयार गरिएको छ । परियोजना सन् २०२४ मा शुरु भएर सन् २०२९ मा सम्पन्न हुनेछ । परियोजनाले कृषि क्षेत्रको बजारीकरणमा सहयोग गर्दै नगरपालिकाको आर्थिक विकासको क्षेत्रमा थप टेवा पुग्ने अपेक्षा हामीले लिएका छौं ।






## ३ पशुविकास

कृषिमा आधारित जीवनशैलीमा पशुपालन पनि सँगसँगै जोडिँदै आएको छ । कृषि जस्तै पशुपालन व्यवसाय पनि निर्वाहमुखी नै छ । तर पनि पछिल्लो समय पशुपालनलाई कसरी

ठाकुरबाबा नगरपालिकाद्वारा साझेदारीमा संचालित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजनाबाट पशुसेवा विकास र कृषि क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ । जसबाट अर्थिक विकासमा सकारात्मक सङ्केतहरु देखिएका छन् । यस परियोजना मार्फत सञ्चालित कार्यक्रमहरु यस प्रकार छन् ।

## क उद्यमी महिला सहकारी गठन

यस परियोजनाबाट गठन भएका समूहहरुलाई संस्थागत गरी उद्यमसँग जोडन र छरिएर रहेको पुँजीलाई एकीकृत गरी उद्यम सञ्चालनका लागि आवश्यक पूँजीको व्यवस्थापन तथा निरन्तर बचत गर्ने बानीको विकास गर्न ठाकुरबाबा सामाजिक उद्यमी महिला सहकारी सहकारी संस्था लिमिटेड गठन गरी सो मार्फत विभिन्न कृषि गतिविधि सञ्चालन गरिएको छ । .




## उद्यमी महिला सहकारीबाट तौल विधिबाट खसीबोका खरिद

किसानले खसीबोकाको उचित मूल्य प्राप्त गर्न नसकेको देखिएकोले ठाकुरबाबा सामाजिक उद्यमी महिला सहकारीबाट तौल विधिबाट नगरपालिकाले सबैको सहमतिमा तोकेको समर्थन मूल्यमा खरिद गरिएको छ ।




## बिउ राँगा बितरण

यस नगरपालिकामा भैंसीपालनको पनि उच्च सम्भावना रहेको छ । भैंसीपालनलाई थप प्रवर्द्धन गर्न ३ वटा बिउ राँगा वितरण गरिएको छ ।





## बाख्राको खोर सुधार

बाख्रा वितरणसँगै खोरलाई व्यवस्थित र सुरक्षित बनाउने कार्य समेतसँगै गरिएको छ ।






## गड्यौला मल उत्पादन

ठाकुरबाबा नगरपालिका वडा नं.-४ स्थित आत्मनिर्भर स्वाबलम्बी समूहमा गड्यौला मल बनाउँदै समूहका सदस्यहरु । यसरी बनाएको मल खेतवारीमा प्रयोग गरी अर्गानिक तरकारी फलाएका छन् भने बचेको मल सहकारी मार्फत विक्री वितरण समेत गरी आम्दानी लिएका छन् ।

| ठाकुरबाबा नगरपालिका अन्तर्गत पारित भई प्रकाशन भएका ऐन नियम कार्यविधि लगायतका कानुनहरु | | | | |
|---|---|---|---|---|
| क.स. | कानुनको किसिम | अघिल्लो कार्यकाल | यस कार्यकाल | जम्मा |
| १ | ऐन | १४ | २७ | ४१ |
| २ | कार्यविधि | ३७ | ३५ | ७२ |
| ३ | नियमावली | ३ | ५ | ८ |
| ४ | निर्देशिका | २ | १० | १२ |
| ५ | नीति/रणनीति/ योजना / गुरुयोजना | ३ | १० | १३ |
| ६ | आचारसंहिता | ० | १ | १ |
| ७ | मापदण्ड | १ | 6 | ७ |
| ८ | आन्तरिक नियन्त्रण प्रणाली | ० | १ | १ |
| | जम्मा | ६० | ९५ | १५५ |



## नगरसभा अधिवेशन :

संविधान र स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे बमोजिम वर्षमा २ पटक नगरसभा अधिवेशन हुने गर्दछ । स्थानीय सरकारको हैसियतले सरकारको नीति, कार्यक्रम र बजेट प्रस्तुति एवं आवश्यक नीतिगत निर्णयहरु गर्न नगरसभा अधिवेशन हुन्छ । संविधानले नै व्यवस्था गरे अनुसार स्थानीय सरकारको बजेट असार १० गतेभित्र प्रस्तुत गर्ने र असार मसान्तभित्र पास गरी सक्नु पर्ने व्यवस्थालाई नगरपालिकाले अक्षरश: पालना गरेको छ र स्थानीय सरकारको अधिकार क्षेत्र भित्र रहेका ऐन तथा नीतिहरु समेत पारित गरी कार्यान्वयन गरेको छ । यो कार्यकालमा नियमित ७ वटा र एउटा विशेष अधिवेशन सहित ७ वटा नगरसभा अधिवेशन भई ४० वटा बैठक मार्फत ११५ वटा निर्णयहरु गरिएका छन् ।





स्थानीय सरकारका नीति कार्यक्रम र बजेटलाइ कार्यान्वयनका लागि आवश्यक निर्णयहरु गर्न कार्ययोजना र कार्यक्रमको प्रगति समीक्षा गरी आवश्यक निर्देशन समेत गर्न महिनामा कम्तिमा १ वटा बैठक बस्ने कानुनी व्यवस्था अनुरुप नगरको गतिविधिलाई क्रियाशिल बनाउन र

## सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण


नगरपालिकाबाट सम्पादित कार्यलाइ नगरवासी समक्ष प्रस्तुत गरी गुनासो सुन्ने नागरिक सन्तुष्टि सर्भेक्षण गरी सुधार गर्नुपर्ने पक्ष पहिल्याई सुधार गर्दै जाने प्रयोजनका लागि नगरपालिकाले हरेक चौमासिकमा फरक फरक स्थान छनोट गरी सार्वजनिक सुनुवाई र समाजिक परीक्षण गर्दै आएको छ ।







## गुरु योजना र आवधिक योजना

नगरलाई योजनावद्ध ढङ्गबाट सञ्चालन गर्न योजनाको अपरिहार्यता हुन्छ । नगरपालिकाले आफ्नै गुरु योजना र आवधिक योजना तयार गरी सोले परिलक्षियत गरेका उद्देश्य र लक्ष्यहरुलाई पछ्याउँदै नीति, कार्यक्रम र योजना तयार गरी अघि बढेको छ ।











## नगर पार्श्वचित्र निर्माण


नगरको सबै प्रकारका विवरणहरुको यथार्थ अवस्थाको पहिचान गर्न नगर पार्श्वचित्र तयार गरिएको छ ।




## जल उपयोग गुरु योजना र दिगो विकास लक्ष्यको स्थानीयकरण रणनीति तयार

नगरपालिकालाई आवश्यक पर्ने खानेपानीको सम्भाव्यता र योजना एवं सुरक्षित खानेपानी व्यवस्थापन सम्बन्धी योजना र दिगो विकासका लक्ष्यलाई स्थानीय सरकारको तर्फबाट पूरा गर्न अपनाउनु पर्ने रणनीति प्रकाशन गरिएको छ ।




## खानेपानी, सरसफाइ तथा स्वच्छता योजना र भूउपयोग योजना तर्जुमा

नगरपालिकाले समग्र खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धमा विद्यमान अवस्थाको विश्लेषण गरी सुधारको योजना तय गर्न योजना बनाएको छ भने भूउपयोग योजना पनि बनाएको छ ।

## नगर शिक्षा योजना र विद्यालय शिक्षा क्षेत्र योजना तयार गरी प्रकाशन गरिएको छ







## पोषण तथा खाद्य सुरक्षा रणनीति योजना र कृषि विकास रणनीति प्रकाशन गरिएको छ ।






## दमकल व्यवस्थापन

चारैतिर बर्दिया राष्ट्रिय निकुञ्जले घेरिएको ठाकुरबाबा नगरपालिका आगलागीको दृष्टिकोणबाट उच्च जोखिममा रहेको छ । यसबाट हुने क्षती न्यूनीकरणका लागि नगरपालिकाले उच्च गुणस्तरको दमकलको व्यवस्थापन गरेको छ ।

## शववाहन व्यवस्थापन

नगरपालिका "नागरिकका लागि कोख देखि शोकसम्म" भएकाले नगरपालिकाका नागरिकहरुको मृत्युमा समाधिस्थलसम्म निःशुल्क शववाहन सेवाको व्यवस्थापन गरिएको छ ।



## आधारभूत स्वास्थ्य केन्द्र

स्वास्थ्य चौकी नभएका ५ वटा वडामा आधारभुत स्वास्थ्य केन्द्र सञ्चालनमा रहेको छ। नेपाल सरकारले तोकेको मापदण्ड अनुसारका आधारभूत स्वास्थ्य केन्द्रको पनि आफ्नै भवन रहेको छ र सबै नयाँ मापदण्ड अनुसारको नयाँ भवनबाट सेवा प्रवाह भइरहेको छ।





## ऊर्जा प्रभावकारी गारो निर्माण विधि Rat–Trap Bond तथा Cavity Wall निर्माण सम्बन्धी तालिम तथा विपन्न तथा सुरक्षित आवास निर्माण

युरोपियन युनियन अन्तर्गत स्वीच एसिया कार्यक्रमको आर्थिक सहायतामा सञ्चालित बिल्डिङ्ग इनर्जी इफिसियन्सी इन नेपाल (**BEEN**) परियोजनासँगको सहकार्यमा यस ठाकुरबाबा नगरपालिकाले मिति २०८१ फागुन २० देखि २५ गते सम्म सञ्चालन गरेको ऊर्जा प्रभावकारी गारो निर्माण विधि **Rat–Trap Bond** तथा **Cavity Wall** निर्माण सम्बन्धी ६ दिने तालिम सञ्चालन गरी २८ जना मेसन/डकर्मीहरुलाई तालिम प्रदान गरेको थियो।

तालिमप्राप्त मेसनहरुले ठाकुरबाबा नगरपालिकाबाट अनुदानमा निर्माण गर्न लागिएका सुरक्षित आवास निर्माण कार्यमा काम गर्ने छन। यस वर्ष नगरपालिकाले १/१ जना फरक क्षमता भएका नागरिक सहित १०२ जनालाई सुरक्षित आवास कार्यक्रम अन्तर्गत घर निर्माणका लागि अनुदान प्रवाह गरी विपन्न तथा सुरक्षित घर निर्माण भएको छ।

## विद्यालय भवन निर्माण

गुरु योजना र आवधिक योजनाले परिलक्षित गरे अनुसार विद्यालयहरुलाई मर्ज तथा समायोजन गर्दै ठूला विद्यालय बनाउने र ती विद्यालयहरुका भवन बहुतले बनाउने अवधारणा अनुरुप





## पक्कि हात्ती छेकवार पर्खालः

तीन तिरवाट बर्दिया राष्ट्रिय निकुञ्जले सिमाना घेरिएको नगरपालिकाको ३२ किमी क्षेत्र निकुञ्जको सिमानासँग जोडिएको छ । मावन वन्यजन्तु द्वन्द्वसँगै हात्ती र जङ्गली जनावरबाट अन्नवाली र मानिसको घर बचाउन अत्यन्त कठिनाई रहेको छ। पछिल्लो दिनमा पक्कि हात्ति छेकवार पर्खाल सफल देखिएको छ। यस योजनालाई लुम्बिनी प्रदेशले गौरवको योजनाको रुपमा स्वीकार समेत गरेको छ। बढी जोखिमयुक्त स्थानलाई प्राथमिकता दिई सङ्घ प्रदेश र नगरपालिकाले समेत प्राथमिकतायुक्त योजनाको रुपमा कार्यान्वयन गरी हालसम्म ११ किमी लम्बाइको छेकवार निर्माण गरिएको छ।






## सडक

सडक पूर्वाधार विकासको महत्वपूर्ण क्षेत्र हो । यस नगरपालिकामा करिव ८२ वटा बस्तीहरु रहेका छन । ती बस्तीहरुलाई वडाको केन्द्र वा मूल सडकहरुसँग जोडने र वडाका केन्द्रलाई नगरपालिकाको केन्द्र वा मुख्य राजमार्गहरुसँग जोडेर सदावहार आवतजावत गर्न सकिने र यातायातका साधन निर्वाध सञ्चालन गर्न सक्ने गरी सडक सञ्जालहरु विस्तार गर्न योजनाबद्ध ढङ्गले कार्य गरिएको छ। ३ वर्षको बीचमा मात्र ४५१८९ मिटर सडक स्तरोन्नति गरिएको छ भने २७६०८ मिटर सडक कालोपत्रे गरिएको छ। संघ र प्रदेशसँग समेत निरन्तर समन्वय गरी ८१५० मिटर सडक कालोपत्रे गरिएको छ । सडकको गुणस्तर कायम गर्न अस्फाल्ट विधिबाट मात्र कालोपत्रे गर्ने नीतिगत निर्णय नै गरिएको छ नगरपालिकाबाट स्तरोन्नति गरिएका सडकहरुको तस्बिर तपसिल बमोजिम रहेका छन् ।

## क्याम्पस रोड र डुमेनीमा बनेको सडक

## शाहीपुर चन्दनपुर जोडने बाटो (वडा नं. ५)





## पिपलचौतारा देखि सवस्टेसन जोड्ने बाटो (वडा नं. २)





**यस नगरपालिकाका ३ वटा प्रमुख बजार क्षेत्रको सौन्दर्यता तथा सुरक्षाका लागि ३ वटा हाइमस्ट लाइट जडान गरिएको छ।**







## चोकहरुको नामाकरण र प्रतिमा स्थापना

नगरपालिकाका प्रतिष्ठित व्यक्तित्व वा पहिचान झल्काउने गरी चोकहरुको नामाकरण र प्रतिमा स्थापना गरिएको छ ।





## ज्येष्ठ नागरिक चौतारी भवन निर्माण

यस नगरपालिकाको वडा नं. १ मा ज्येष्ठ नागरिक भवन निर्माण गरिएको छ।






## तटबन्धन

प्रदेश सरकारको समन्वयमा बिभिन्न स्थानमा तटबन्धन गरिएको छ।














शिक्षा पत्रकार समूह
Education Journalists' Group